www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष १, अंक ७, २०७३ माघ १ देखि १५ सम्म रु.१५।-



९ कम्पनीहरुले बदबासी गरिरहेका छन्



# सङ्गीतकार बन्नु अगाडि नै सङ्गीतकार

दु:खी मुहार आँसुले धुँदै बोलको लोकगीतबाट संगीत क्षेत्रमा होमिएका बी.बी. अनुरागी अन्नतः सङ्गीतकारको रूपमा दर्ज भए। उनको सोच गायक बन्ने थियो तर चर्चित गायक भने बन्न सक्दिनँ भन्नेमा ढुक्क थिए। सधैं उनको मनमा संगीतकार चाहिँ जसरी पनि बन्छु भन्ने लागिरहन्थ्यो। गाउँमा छँदा गीत बनाउने, भाका बनाउने, मादल, बासुरी, सारङ्गी बनाउने काम गरे पनि उनीमा रहेको सपना संगीतकारको नै थियो। संगीतकार बन्न एउटा गीतमा भएका सम्पूर्ण बाजा आफैंले बजाउनुपर्छ भन्ने लाग्थ्यो उनलाई तर भाका बनाएकै भरमा संगीतकार बनिन्छ भन्नेचाहिँ उनीमा थिएन। संगीतकार बन्ने दौडमा उनले गरेका काम अन्ततः एरेन्जमेन्ट रहेछ भन्ने र संगीतकार बन्नु अगाडि नै संगीतकार नै रहेछु भन्ने काम गर्दै जाँदा पछि थाहा भयो उनलाई। अनभिज्ञतामै संगीतकार बनेका रहेछन् उनी। उडेर जून छुन्छु भन्थें देखि अहिलेसम्म आइपुग्दा सयौं हिट गीतमा उनले संगीत सिर्जना गरेका छन्। शब्दको भावसँगै उनको संगीतले मर्मस्पर्शी र कालजयी गीत बन्न सफल भएका छन्, जसले गायक गायिकाको लागि जीवनभर बाँच्ने आधार बनाइदिएको छ। उनको नाम सुन्ने कमै होलान् तर उनको संगीत सुन्ने धेरै छन्। उनको संगीतमा रमाउने, स्तब्ध हुने नेपालीमन धेरै छन्। प्रस्तुत छः संगीतकार बी.बी. अनुरागीसँग गरिएको कुराकानीः




हार्दिक बधाई !

हाम्रा आत्मीय साथी निराजन भट्टराई त्रिभुवन विश्वविद्यालयबाट पशु प्रजनन् विषयमा विद्यावारिधी गर्नुभएकोमा हार्दिक बधाई एवं उज्ज्वल भविश्यको कामना गर्दछौं।

सविता पोखरेल
सम्पादक
म्यूजिक खबर परिवार



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

## रिलिज कर्नर

### 'मेरो माया'मा सञ्चिता



अभिनेत्री सञ्चिता लुईटेल एक म्युजिक भिडियोमा देखिएकी छन् । केही समयअघि मात्र चलचित्रमा 'कम्ब्याक' गरेकी सञ्चिता गायिका अमृता लिम्बू र लक्ष्मीदास गहतराजको स्वर रहेको 'मेरो माया' बोल गीतको भिडियोमा देखिएकी हुन् । भिडियोमा सञ्चितासँगै पुष्पले अभिनय गरेका छन् । यु-ट्युब च्यानल स्टार लाइट इन्टरटेनमेन्टमार्फत सार्वजनिक गरिएको यस भिडियोलाई युगल पोमुले निर्देशन गरेका हुन् । यो भिडियो हेरेपछि यस्तो लाग्छ, 'नेपाली म्युजिक भिडियोमा पनि स्तरिय बन्दारहेछ ।' भिडियो निकै उत्कृष्ट बनेको छ । भिडियोमा सञ्चिता र पुष्पको कुसल अभिनय त छ नै, गायिका अमृता र लक्ष्मीदासको स्वर पनि तारिफयोग्य छ । अमृिता पछिल्लो समय गायनमा सम्भावना बोकेकी गायिका हुन् भने लक्ष्मीदासको गायन प्रस्तुत पनि कम छैन । यस गीतलाई अहिलेका चर्चित संगीतकार ताराप्रकाश लिम्बूले संगीत गरेका हुन् । उमेश कालिकोटेको शब्दरचना रहेको 'मेरो माया' गीतलाई शाहस शाक्यले एरेन्ज गरेका हुन् ।

### देवकोटाको पुरानो नाता



गीतकार विश्व देवकोटाको आधुनिक गीति गजल एल्बम ' अन्तर्ध्वनि' मा समावेश गरिएको कसरी जोडु पुरानो नाता बोलको गीत यतिबेला भिडियोको रूपमा सार्वजनिक भएको छ । धर्मराज गुरूङको संगीत एवं विपित आचार्यको एरेन्जमा रहेको यस गीतलाई स्वरूपराज आचार्यले स्वरबद्ध गरेका हुन् । पुरानो नाता बोलको यस गजलको भिडियोलाई राजेश कुमारले निर्देशन गरेका हुन् । भिडियोमा निराजन र शान्तिको अभिनय रहेको छ भने सिलन लम्सालले सम्पादन गरेका छन् । अनिल के. मानन्धरको छायाँकन रहेको म्यूजिक भिडियोलाई लर्नस फ्रयाण्डले बजार प्रबर्द्धन गरेका हो ।

### पशुपतिको आइज ओइ काल



पशुपति शर्मा समाजका विद्यमान कुरिती र समसामयिक घटनाका विषयलाई लिएर गीत गाउने गायक हुन् । उनले गाएका हरेक गीत नेपालका परिस्थितिसँग ठ्याक्कै मिल्दो हुन्छ । समसामयिक गीत गाएर चर्चित बनेका उनै पशुपतिले यतिबेला भने यमराज अर्थात् काललाई 'आइज ओइ काल' भन्दै निमन्त्रणा दिएका छन् । देश र जनतालाई दुख दिने मान्छेलाई नर्क लैजानका लागि उनले काललाई गीत मार्फत बोलाएका छन् । उनको यस गीतमा देशमा विधमान विभिन्न भ्रष्टाचार, कुरिति र चलनलाइ घोचपेच गर्दै व्यंग्यात्मक गरिएको छ । बिमानस्थलबाट ३३ किलो सुन कसरी भित्रियो ? लोडसेडिङ गरेर यतिका वर्षको बिजुलीलाई के गरियो भन्दै उनले प्रश्न समेत गरेका छन् ।

गरिएको यस गीतमा पशुपति शर्माको स्वर, शब्द र संगीत रहेको छ । यसमा श्रीकृष्ण बममल्ल र पशुपति शर्माको अभिनय रहेको छ भने दुर्गा पौडेलले निर्देशन गरेका छन् । यस भिडियोलाई प्रविन भट्टले सम्पादन गरेका छन् ।

# राष्ट्रियस्तरमै फर्कियो रापती अवार्ड



म्यूजिकखबर । पहिलो र दोस्रो अवार्ड रापतीका कलाकारहरूलाई मात्र लक्षित गरिएको थियो भने तेश्रो वर्ष राष्ट्रियस्तरमा आयोजना गरिएको थियो । त्यसपछि रापतीका कलाकारहरू राष्ट्रियस्तरमा आयोजना हुने अवार्डले पछि पर्ने निष्कर्ष निकाल्दै रापतीकै कलाकारहरूलाई मात्र लक्षित गर्दै दाङमा लगेर आयोजना गरिएको यस अवार्डले यसपाली पुनः राष्ट्रियस्तरमा फर्किने आँट गरेको छ ।

रापती समाज काठमाण्डौले विगत पाँच वर्षदेखि आयोजना गर्दै आएको रापती म्यूजिक अवार्ड यस वर्ष चैत २८ गते राजधानीमा सम्पन्न हुने भएको छ । रापती म्यूजिक अवार्ड यस वर्ष भने राष्ट्रिय रूपमा आयोजना गर्न लागिएको छ । संगीत साधकहरूको सम्मान र प्रोत्साहनका लागि समाजले हरेक वर्ष आयोजना गर्दै आएको समाजका अध्यक्ष शशि शर्मा मजगैंयाले जानकारी दिए ।

विभिन्न ३२ विधामा अवार्ड प्रदान गरिने यस अवार्डको मनोनयनका लागि आवेदन खुला गरिएको छ । स्रष्टा तथा कलाकारहरूले माघ महिनाभित्र आफ्ना गीत संगीत दर्ता गराईसक्नुपर्ने अवार्ड कार्यक्रमका संयोजक गोविन्द मधुर आचार्यले बताए । अवार्डमा सहभागी भएका गीत संगीतहरूको फाल्गुन दोश्रो साता मनोनयन सार्वजनिक गर्ने समेत आचार्यले बताए ।

चैत्र २८ गते काठमाण्डौको राष्ट्रिय नाचघरमा भब्य रूपले आयोजना हुने कार्यक्रमका लागि समाजले विभिन्न समिति उपसमिति गठन गरी जिम्मेवारी समेत बाँडफाँड गरेको छ । कार्यक्रमलाई सफल बनाउन डाकिएका बिभिन्न बैठकहरूमा राप्तीबाट प्रतिनिधित्व गर्ने मन्त्री, सभासद, उद्योगी, कलाकारहरूको प्रतिबद्धताले कार्यक्रम पुर्णरूपले सफल हुनेमा विश्वस्त भएको अध्यक्ष मजगैंयाले बताए । "कार्यक्रम राष्ट्रिय स्तरको भएकाले सबै पक्षको साथ र सहयोग रहनेमा विश्वस्त छौं" उनले भने । अवार्डमा सहभागी हुन चाहनेहरूले रापती समाजको कार्यालय, आलाप रेकर्डिङ स्टुडियो, प्रिज्म रेकर्डिङ स्टुडियो, मालश्री रेकर्डिङ स्टुडियो, ए वान म्यूजियन स्टुडियो लगायतका ठाउँहरूमा आफ्नो सिर्जना दर्ता गराउन सकिने अध्यक्ष मजगैंयाले बताए । कार्यक्रमका लागि केन्द्रित हुँदै समाजले माघ २९ गते वृहत् वनभोज कार्यक्रम समेत आयोजना गरेको छ ।

# उत्तमजङको 'रिति'



गायक तथा संगीतकार उत्तमजंङ लिम्बू लावती गीति एल्बम 'रीति'सहित दर्शकमाझ आएका छन् । गायनसँगै संगीतमा समेत आफूलाई अगाडि बढाइरहेका उत्तमको 'रीति'लाई बुधबार राजधानीमा एक समारोहबीच सार्वजनिक गरिएको हो ।


एल्बमको संगीतकार शान्तिराम राई ताराप्रकाश लिम्बू, पारस मुकारूङ, गायक दीपक लिम्बू, तुलसी पराजुली, भीषण मुकारूङ र गायन सयंमले संयुक्त रूपमा सार्वजनिक गरे ।

कार्यक्रममा बोल्दै प्राज्ञ तथा संगीतकार शान्तिराम राईले उत्तमजङको गायन र संगीत सिर्जनाको तारिफ गरे । उनले भने, 'उत्तमजंङ नेपाली सांगीतिक क्षेत्रका लागि उत्तम व्यक्तित्व हुन् । उनी गायनमा जति अब्बल छन् संगीतमा पनि उत्ति नै ।' पहिलो गायन रियालिटी शो ' खोजी प्रतिभाको'बाट नेपाली गायनमा उदाएका उत्तमजङले तीन दर्जनभन्दा बढी गीतमा स्वर दिइसकेका छन् भने आधा दर्जन चलचित्रमा संगीतसमेत गरिसकेका छन् । 'रिति' उनको तेस्रो एल्बम हो । जसमा उत्तमजंगकै स्वर, संगीत र शब्दरचना रहेको छ ।

'रीति' सार्वजनिक गरेपछि गायन तथा संगीतका उत्तमजङले भने, ' यो गीत मेरो यसअघिका भन्दा केही फरक छ । यो गीत स्टेजलाई लक्षित गरेर तयार गरेको हुँ ।'

कार्यक्रममा 'रीति' भित्र समावेश 'मान्यौनि निरमाया' बोलको म्युजिक भिडियो सार्वजनिक गरिएको थियो । हरी हुमागाईले निर्देशन गरेको उक्त म्युजिक भिडियोमा अलिशा राई, निराजन प्रधान र सुरेनले अभिनय गरेका छन् । डान्सिङ बिटको उक्त गीतको भिडियोका लागि गम्भीर विष्टले कोरियोग्राफी गरेका छन् भने छायांकन उत्तम हुमागाई र सम्पादन निशान घिमिरेको रहेको छ । जुन गीतको भिडियोलाई यु-ट्युबमा समेत बुधबारै रिलिज गरिएको छ ।

# अलविदा पन्नाकाजी



तिरिरी मुरली बजयो बनैमा लौ माया नमारे, किन किन तिम्रो तस्विर (पुरानो मेलोडी), लोलाएका ति ठुला तिम्रा दुई नजरले (पुरानो मेलोडी) , रात यो नबित्ला, मैले सिंगै बसन्त, एकानी दुवानी लगाएतका थुप्रै कालजयि आवाजमा स्वर र संगीत दिएका गायक तथा संगीतकार पन्नाकाजीको निधन भएको छ ।

बि सं १९८८ साल पुस १५ गते पीता चर्तुमान शाक्य र माता बालकुमारी शाक्यका कान्छा छोराको रूपमा काठमाडौंको ईमाडोलमा जन्मिएका गायक तथा संगीतकार पन्नाकाजी बि सं २००७ सालमा नै बालकृष्ण समको नेतृत्वमा रेडियो नेपाल प्रवेश गरेका हुन् । २००८ सालमा रेडियो नेपालमा पहिलो पटक गीत गाएका शाक्यले २०१६ सालमा पहिलो गीत रेकर्ड गराएका थिए । २०२२ सालमा गायनमा उत्कृष्ट बन्दै उनले स्वर्ण पदक जितेका थिए। रेडियो नेपालमा जागिरे उनले २०४० सालपछि रेडियो छाडेका थिए । चार सय भन्दा धेरै गीत गाएका उनको डेढ दुई सय गीत मात्र उपलब्ध छ । तिरिरी मुरली बज्यो वनैमा, किन किन तिम्रो तस्बिर मलाई निको लाग्छ लगायत गीत निकै लोकप्रिय छन् ।

मविवि शाहको किन किन तिम्रो तस्बिर मलाई निको लाग्छ बोलको गीत सबैभन्दा पहिले उनले नै गाएका हुन् । जुन समय नेपाली संगीतका ख्यातिप्राप्त गायक शिवशंकर पनि रेडियो नेपाल प्रवेश गरेका थिएनन् । पन्नाकाजी रेडियो नेपालका वरिष्ठ लाइब्रेरियन थिए ।

उनको विवाह २०१० सालमा ज्ञानदेवीसित भयो । उनका चार छोरा प्रीतम, प्रवेश, पवित्र र प्रवीण अनि एक छोरी प्रेमा मध्य पवित्रमान शाक्य र प्रवेशमान शाक्य नेपाली संगीत क्षेत्रमै छन् । 'नेपाली संगीत क्षेत्रका अमुल्य सम्पती गुमाउनुपरेको यस दु:खद घडिमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति मिलोस् तथा मृत आत्माको बैकुण्ठ बास होस्' म्यूजिक खबर कामना गर्दछ । हार्दिक श्रद्धाञ्जली सङ्गीत रत्न- पन्नाकाजी ।

# "आशालाग्दो प्रतिभा सुनिल"




**म्यूजिकखबर** । गायक सुनिल राईको एकल स्वर एवं संगीतकार विकास चौधरीको एकल संगीत रहेको एल्बम 'यूनिक'को सार्वजनिकपछि बोल्दै सम्पूर्ण अतिथिहरूले भोलिको आशालाग्दो प्रतिभाका भएको बताएका थिए । सुनिलले



एल्बमको सार्वजनिकसँगै प्रत्यक्ष गीत गाएर सुनाएपछि उपस्थित अतिथिहरूले भोलिका दिनमा सुनलिको स्वरले राम्रो सम्भावना बोकेको बताएका थिए । उनको स्वरले अबका दिनमा धेरै रोयल्टी बुझ्न सक्ने बताउँदै अतिथिहरूले मेहनत, परिश्रम र निरन्तरतामा ध्यान दिन भने बिर्सन नहुने बताएका थिए ।

शान्ति इन्टरटेनमेन्टको आयोजनामा संगीतकार विकास चौधरीको एकल संगीत एवं सुनिल राईको एकल स्वरमा रहेको आधुनिक गीतिसंग्रह युनिकको सार्वजनिक कार्यक्रममा संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषको प्रमुख आतिथ्यता रहेको थियो । अनेसासका पूर्व अध्यक्ष एवं साहित्यकार ज्ञानेन्द्र गदाल, चलचित्र विकास बोर्डका सदस्य उत्तम केसी, संगीत कला पत्रकार संघका अध्यक्ष सुमन पण्डित, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, निर्देशक ओम प्रतीक लगायतको उपस्थितिमा युनिकको सार्वजनिक गरिएको थियो ।

सुनिल राई झापाका बासिन्दा हुन् । उनी झापामा रहेको ब्याण्ड, महोत्सवहरूमा आफ्नो सांगीतिक प्रस्तुति दिँदै आएका थिए । राईले आफू सानैदेखि संगीत मन पराउने भएकै कारण यो क्षेत्रमा आएको बताएका थिए । मोफसलमा रहेर गीतसंगीतमा लागे पनि राजधानीमा भने यो उनको पहिलो एल्बम नै हो । उनको गायनको प्रशंसा गर्दै संगीतकार चौधरीले संगीतमा लगाव भएका राम्रो विद्यार्थी भएको कारण युनिक एल्बम तयार गर्न सफल भएको बताएका थिए ।

कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिहरूले गायक सुनिल राईको गायन यात्राको सफलताको शुभकामना दिएका थिए ।

त्यस्तै कार्यक्रममा दाङकी नौ वर्षिया कलाकार याङ्शु श्रेष्ठले गीतकार लोकराज अधिकारीको बैंक खातामा ५ हजार सहयोग रकम पठाएर संगीतकार कल्याणकारी कोष बृद्धिमा सहयोग गरेकी थिइन् । उक्त रकम गीतकार अधिकारीले संगीतकार कल्याणकारी कोषका अध्यक्ष लक्ष्मण शेषलाई हस्तान्तरण गरिएको थियो ।

युनिकमा विकास चौधरीको एकल संगीत रहेको छ भने सुनिल राईको एकल स्वर रहेको छ । एल्बममा ह्याक भो, सक्छौ होला, चौबन्दी चोलीमा, मैले दिएँ माया, भुमौं, सपना देख्नु जस्ता ६ गीत समावेश गरिएको छ । जसमा हरि उप्रेती, सविना केसी, रोजी लावुङ राई, सागर मल्ल, जानु काङवाङ लिङ्देन र यादव पुडासैनीको शब्द रहेको छ । युनिक एल्बमलाई शान्ति इन्टरटेनमेन्टले बजार व्यवस्थापन गरेको छ ।

# सन्तोष र निशालाई नारायण गोपाल युवा पुरस्कार

## ज्योति र पृथ्वीलाई अरनिको युवा कला पुरस्कार




**म्यूजिकखबर** । लोकप्रिय संगीतकार सन्तोष श्रेष्ठ र गायिका निशा देशारलाई नारायण गोपाल युवा संगीत पुरस्कारद्वारा पुरस्कृत गरिएको छ भने ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं कलाकार ज्योतिप्रकाश विश्वकर्मा र कलाकार पृथ्वी श्रेष्ठलाई अरनिको युवा कला पुरस्कारद्वारा सम्मानित गरिएको छ । राष्ट्रिय युवा सेवा कोषद्वारा प्रत्येक वर्ष आयोजना गरिँदै आएको यस सम्मान कार्यक्रमबाट यस वर्ष चार स्रष्टालाई पुरस्कृत गरिएको हो ।

राप्रपाका अध्यक्ष कमल थापाको प्रमुख आतिथ्यतामा उनीहरूलाई सम्मान गरिएको थियो । गीतसंगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरू गीतकार कालिप्रसाद रिजाल, दिनेश अधिकारी, विश्व वल्लभ, संगीतकार दीपक जंगम, शक्ति वल्लभ, गायिका कोमल वली, मूर्तिकार ठाकुर प्रसाद मैनाली लगायत दिग्गज संगीतकर्मी एवं कलाकारको बीचमा संगीतकार श्रेष्ठ, गायिका देशार, कलाकारद्वय विश्वकर्मा र श्रेष्ठलाई नगद राशिसहित पुरस्कृत गरिएको हो ।

पुरस्कृतपछि गायिका देशार र संगीतकार श्रेष्ठले गीत गाएर सभालाई सम्बोधन गरेका थिए भने विश्वकर्मा र श्रेष्ठले मन्तव्य दिएका थिए । सम्मानित व्यक्तित्वहरूले मुलुकको विभूतिसँग नाम जोडिएको पुरस्कार प्राप्त गर्न सफल हुनुमा सम्पूर्ण आयोजक र निर्णायक मण्डललाई धन्यवाद दिएका थिए । उनीहरूले भोलिका दिनमा जिम्मेवारी थपिएको महसुस गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि कमल थापाले राष्ट्रिय युवा कोष विशुद्ध रूपमा मन वचन र कर्मले सम्मानमा क्रियाशील रहेको संस्था भएको बताउँदै प्रत्येक वर्ष कहिं कतै विवादित नगरीकन कलाकारहरूलाई सम्मान गर्दै आएको बताएका थिए । मुलुकका विभूति अरनिको र नारायणगोपालको नाम जोडेर विशुद्धमनले सम्मान एवं पुरस्कार प्रदान गर्दै आउनु सामाजिक कार्यमध्ये उच्चतम रहेको थापाले बताएका थिए ।

# अझै १६ वर्षे वली



लोकप्रिय गायिका कोमल वलीले आफू अहिलेसम्म १६ वर्षके भएको दाबी गरेकी छन् । अहिलेसम्म बिहे भाको छैन, स्कुलको ड्रेस लगाएँ भने १४/१५ को देखिन्छु, वैशको कुरै नगरौं, उमेर मेरो १६ वर्षको जस्तै देखिन्छ, अझै पनि रूपरङ्ग राम्रो छ भने म १६ वर्षकोभन्दा कमको छैन, गायिका वलीले एक कार्यक्रमका बीच भनिन् । उनीद्वारा स्वरबद्ध एवं अभिनय गरिएको गीत आइलभ यू पिल्जको सार्वजनिक समारोहमा भनिन्- 'मैले अभिनय गर्ने गरेको भिडियो हेर्नुभयो भने १६ वर्षभन्दा कम छैन बरू अरू फिका हुन्छन् ।' कहिले पोइला जान पाप, कहिले शिवजीलाई लास्टैचोटी पुकारेको बताउने ओलीले अब भने फेरि १६ वर्षको भन्दै आइलभ यू भनेपछि राजनीतिको रङ्गमा उनको चातुर्यता देखिएको प्रष्ट हुन्छ ।

गायिका वली र गायक अशोक बरालको स्वरमा रहेको आइ लभ यू प्लिजको सार्वजनिक समारोहमा बोल्दै ओलीले आफूले अर्गानिक स्वर प्रदान गरेको बताएकी हुन् । उनी आफैं त अर्गानिक हुन् कि होइनन् भन्ने दर्शक र स्रोतामा कन्फ्यूज भइरहेको बेलामा उनको स्वरको प्रशंसा आफैंले गर्दा धेरैको हाँसोको फोहोरा नै फुटेको थियो । अशोक बरालको शब्द एवं लोकप्रिय संगीतकार सन्तोष श्रेष्ठको संगीत रहेको गीत आइ लभ यू प्लिजको सार्वजनिक पछि आफूले महेन्द्र गौतमसँग खेलेको भिडियोले १६ वर्षभन्दा कम नदेखिएको बताएकी थिइन् । कार्यक्रममा गायक बरालले आफूलाई गीतसंगीतमा लाग्नका लागि सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै गायिका वलीसँग गीत गाउनु सबैभन्दा भाग्यमानी भएको ठानेको बताएका थिए । आइ लभ यू प्लिजमा महेन्द्र गौतम र कोमल वलीको अभिनय देख्न पाइन्छ ।

त्यस्तै चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रियले गायिका वली राजनीतिमा लागेपछि समयको निकै ख्याल गर्ने भएकाले कार्यक्रम ढिला भएको व्यंग्य गर्दै वलीको स्वरमा कसैले कसी लाउने ठाउँ नरहेको बताएका थिए । उनले गायिका वली सधैं जवानीमै देखिनुमा पनि अब कसैले शंका नगरे हुने भएको बताउँदै राजनीति होस् या सांगीतिक क्षेत्र वलीले एकछत्र बनाउने सक्ने बताएका थिए । कार्यक्रम अनामनगरस्थित विनायो क्याफेको हलमा सम्पन्न भएको थियो भने संचारकर्मी राधिका अधिकारीले कार्यक्रमको संचालन गरेकी थिइन् ।

# 'तिम्रै यादमा बाँचेको छु'



गायक टेकबहादुर सुनारको स्वरमा रहेको 'तिम्रै यादमा बाँचिराको छु' बोलको लोक गीत सार्वजनिक गरिएको छ । अम्मर सिंहले लेखेका शब्दहरूमा मायाका कुराहरू पाइन्छन् । साथै गीतमा संगीत पनि अम्मरले नै भरेका छन् । परेली फिल्मस्को उत्पादन तथा बितरणमा निर्माण भएको यस गीतको भिडियोलाई मिलन कार्कीले निर्देशन गरेका हुन् । सागर गौतमले छायांकन गरेको यस भिडियोमा पोखरा तथा काठमाडौंका रमणियस्थानहरू देखाइएको छ । भिडियोमा नारायण ढकाल, मनिषा श्रेष्ठ र उज्जवल बिकले अभिनय गरेका छन् । दाङमा जन्मिएका नव गायक टेकबहादर सुनारको यो पहिलो गीत हो । सानै देखी गीत संगीतमा रूची राख्दै आएको र अब लोकगीतको क्षेत्रमा सक्रिए हुने उनले बताएका छन् ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com
मुद्रणः
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

## सम्पादकीय

# नैतिक अधिकारको खोजी

गीत संगीतको क्षेत्रमा पछिल्लो समय आएर आफ्नो भौतिक, आर्थिक र नैतिक अधिकार के हो भनेर बुझ्न र खोज्न थालिएको छ । एउटा स्रष्टाले गीतको सम्पूर्ण क्षेत्राधिकारमा लगानी गरेर कम्पनीको नाममा लोगोको लागि मात्र सुम्पिने परम्परा धेरै नै छ । गीतकार, गायक वा संगतिकारभित्र लगानीकर्ताले एल्बममा भएको प्राय गीतको म्यूजिक भिडियोसहित लगानी गरेर कुनै कम्पनीमा लोगो हाल्ने बहनामा सम्पूर्ण स्वामित्व दिने प्रचलन नेपालमा विद्यमान नै छ । अहिले एल्बमको बिक्रि नभएका कारण कुनै पनि कम्पनीले आफ्नो लगानी फसाउन चाहँदैनन् । अर्कैको लगानीमा प्रोडुयसर बन्नेहरूको ताँती नै छ । तर वास्तविक प्रोडुयसर भने ओझेलमा परिरहेको अवस्था हामीले देखेका छौ ।

केही कम्पनीहरू टेलिभिजनमा कार्यक्रम भएको भरमा वा केही भने टेलिभिजनमा बजाइदिन्छु, सम्पूर्ण दैनिक, अनलाईन, टिभी लगायतका मिडिया आफूले भनेको मान्ने भन्दै कसैको गीतलाई हिट गराउने बहनामा सम्पूर्ण लगानी हत्याएर आफ्नो कब्जामा लिने प्रचलन स्रष्टाहरू मरिरहेको अवस्था हाम्रो सामु जगजाहेर नै छ । अडियो र भिडियोको कार्य पूरा गरेपछि मिडियाका लागि भनेर रकम असुल्नेहरू पनि केही मात्रमा हावी भएकै छन् । अब यहाँ वास्तविक प्रोड्युसरको अभाव खड्किरहेको अवस्था छ । एउटा राम्रो प्रोडक्ट उत्पादन नगर्ने प्रोड्युसर र बजारले खोजेको उत्पादन नगर्ने संगीत उद्योग बनिरहेको अवस्थामा स्रष्टा सर्जकहरू पनि सजग हुँदै आफ्नो नैतिक, आर्थिक र बौद्धिक अधिकारको लँडाइ लड्ने तयारीमा छन् ।

कुनै पनि कम्पनीले कुनै स्रष्टा वा सर्जकको नाम उल्लेख नगरिकन गायकको नामलाई मात्र राखेर आरबिटी, यूट्यूब वा अन्य कुनै प्रयोजनको लागि गरिएको ठाउँमा स्रष्टाको नैतिक अधिकार हनन भएको भन्ने बुझ्नु पर्छ । यो सिधै कम्पनीको बदमासी हो भने एउटा स्रष्टामाथिको अराजक प्रवृत्ति पनि हो । आफैं लगानी गर्ने आफ्नै नाम नहुने, कमाइ कसले खाइरहेको छ भन्ने गायक, गीतकार वा प्रोड्युसरलाई थाहा नहुने भएपछि नैतिक अधिकार खोज्नु पनि जायज नै हो । प्रतिलिपि अधिकार अन्तर्गत कुनै पनि स्रष्टाको नैतिक अधिकार हनन गर्दा ऊ स्वयम् कानूनको कठघरामा उभिनुपर्छ भन्ने नियम भए पनि अहिलेसम्म कसैले यो कार्यको थालनी पनि गरेका छैनन् । लुटि खानेले लुटिरहेकै अवस्था छ भने चुपाचाप काम गर्ने र आफूलाई हिट बनाउने मात्र सोचमा भएका उत्पादकहरूले नैतिक अधिकार हनन् सबैभन्दा बढी गरिरहेका छन् भन्ने प्रमाणहरू पनि बजारमा आइरहेका छन् । लगानी गरेर बुझाएको प्रोडक्टबाट कसरी लिने भन्नेमा अहिले विदेशमा रहेका वा स्वदेशमा रहेका स्रष्टाहरू अलि पनि अन्यौलमा परेका छन् । बल्ला नैतिक अधिकार, बौद्धिक अधिकारका रूपमा आफ्नो अधिकार खोज्नु राम्रो प्रक्रिया हो । यसरी नै बौद्धिक अधिकार र आर्थिक अधिकार पनि खोजिनुपर्ने आजको आवश्यकता बन्दै गरेको देखिन्छ । समाज परिवर्तन सँगै आफ्नो सामानको पनि आयात र निर्यातका लागि ढोका खुला हुनु पर्छ भनेजस्तै संगीतमा पनि वास्तविक लगानी कर्ताको नैतिक अधिकार हनन हुनुहुँदैन ।



टीका भण्डारी

# सशक्त कलाकार पन्नाकाजी

*तिरिरी मुरली बज्यो बनैमा ,बनैमा लौ माया नमारे*
*कस्को यो सम्झना मेरो मनैमा ,मनैमा लौ माया नमारे*


किन किन तिम्रो तस्बिर मलाई निको लाग्छ, लोलाएका ती तिम्रा, हामीलाई छाडी दाई त अब एकानी दुवानी, रात यो नबित्ला , जुनको परेली, बतासले, लालीगुराँस फुल्यो, मैले सिङ्गै वसन्त आदि गायक तथा संगीतकार पन्नाकाजीलाई चिनाउने आधुनिक पुराना तथा सदाबहार गीतहरू हुन् ।

## बाल्यकाल र परिवार

नेपाली सांगीतिक आकाशका एक सुरिला खम्बा हुन् पन्नाकाजी । संगीतका हस्ती नातिकाजी शिवशंकर भन्दा अघि २००७ साल मै रेडियो नेपाल प्रवेश गरेका पन्नाकाजीको नेपाली संगीतको क्षेत्रमा नाम उच्च स्थानमा रहेको छ । बि. स.१९८८ साल पौष १५ गते ९८४ वर्ष अघि काठमाडौंको ओमबहालमा माता बालकुमारी शाक्य र पिता चतुर्मान शाक्यका कान्छा पुत्ररत्नका रूपमा जन्मिएका हुन् । उनी ४,५ बर्षको उमेर देखिनै घरमा तोते बोलीमै गीत गाउने गर्थे । यो सुनेर उनका पिता चतुरमान खुशी हुँदै उनलाई भजन सुनाउँथे । नभन्दै ९९१० बर्षको उमेर देखि राम्रैगरी भजन तथा अन्य गीतहरू पनि मजैले गुनगुनाउन थाले उनी । केटाकेटीले गीतमा लय हालेर गाएको सुन्दा रमाईलो मान्दै उनलाई काखमा राखेर गीत गाउन लगाउँथे उनका अग्रजहरू । उनी पनि खुशी हुँदै गीत गाउँथे । १५-१६ बर्षको उमेरमा त उनी आफ्नो टोल, स्कुल लगायतका ठाउँहरूमा विभिन्न गीतहरू गाएर, नाटकमा अभिनय गरेर सबैको प्यारो भईसकेका थिए । त्यसैले उनलाई त्यस बेलाका नाटकहरूमा राजकुमार,राजा जस्ता भूमिकाहरूमा खेलाईन्थ्यो । उनले २००४ साल देखि त औपचारिकरूपमै गीत गाउन थालेका हुन् । उनले नास खलः, बिषन्तरया मच्चादान, कुंडाल जस्ता नाटकहरूमा खेले । उनी स्टेजमा सम्बाद मात्र हैन मिठासपूर्ण ढङ्गले गीत पनि गुन्जाउँथे । यसले गर्दा स्टेजमा सबैको आकर्षणको केन्द्र बिन्दु बन्थे उनी । पन्नाकाजी २० वर्षको उमेरमा ज्ञानदेबीसँग बैवाहिक जीवनमा बाँधिए जसले आफूभन्दा अघिनै धर्ती छोडेर गईन् । एक छोरी ४ छोराका पिता पन्नाकाजीका दुई सुपुत्र प्रबेशमान शाक्य र पवित्रमान शाक्य नेपाली सांगीतिक क्षेत्रका प्रसिद्ध गायक हुन् ।

## रेडियो नेपालको जागिर

सुमधुर स्वरका धनी गायक पन्नाकाजी सांगीतिक जीवन बिताउन चाहन्थे । त्यतिबेला संगीतमै जीवन रमाउन सक्नु, बिताउन सक्नु सामान्य कुरा थिएन । ईच्छाशक्ति प्रतिभा र क्षमता भए मानिसले ढिलो चाँडो अवसर प्राप्त गर्न सक्छ भन्ने दह्रो आत्मबिश्वास लिएका उनलाई एकदिन उनकै परमप्रिय मित्र रेडियो नेपालका प्रथम गायक हरिप्रसाद रिमालले रेडियो नेपालमा जागिर खान सुझाए । यसबाट उनीमा आफुमाथि बिस्वास पलायो । रेडियो नेपालका संस्थापक व्यक्तित्व नाटक निर्देशक बालकृष्ण समले उनको प्रतिभा तथा गायन दुबैको परीक्षा लिए । समले निकै मनपराए र उनको बिशेष सिफारिसमा रेडियो नेपालका प्रथम डाईरेक्टर तारणीप्रसाद कोईरालाले यिनलाई गायकका रूपमा नै जागिर दिए । २००७ सालमै र २००८ साल देखि उनले स्थाई नियुक्ति पाए जुन जागिरे जीवन उनको २०४० सालसम्म अनवरतरूपमा रह्यो । त्यहीं उनले नासु पदबाट स्वैच्छिक अवकाश पनि प्राप्त गरे ।



## संगीतमा नारायणगोपाल, स्वरमा पन्नाकाजी प्रथम

त्यसबेला रेडियो नेपालले आधुनिक गीत प्रतियोगीता अत्यन्तै भब्यरूपमा उत्सव झैं मनाउने गर्थ्यो । ४ दिवशीय ५ दिवशीय प्रतियोगीताहरू आयोजना हुन्थे । रेडियो नेपालमा प्रथम भएका गायक गायिकाको शान, मान, सम्मान र प्रतिष्ठानै बेग्लै हुने गर्थ्यो । २०२२ सालमा पन्नाकाजी रेडियो नेपालद्वारा आयोजित आधुनिक गीत प्रतियोगीतामा गायन तर्फ प्रथम भए भने सोही स्टेजबाट नारायणगोपाल संगीतमा प्रथम भए । त्यसबेला नारायणगोपालको भन्दा पन्नाकाजीको चर्चा बढी भयो । यो स्वाभाविक पनि थियो किनकि पन्नाकाजी गायनमा प्रथम भएका थिए भने नारायणगोपाल संगीतकारका रूपमा प्रथम भएका थिए । नारायणगोपालसंग पन्नाकाजीको निकै सुमधुर सम्बन्ध कायम थियो ।

## पुरस्कार नलिने घोषणा

पन्नाकाजीले जीवनमा धेरै पुरस्कारका अफरहरू अस्विकार गरे । पुरस्कार किन लिनु हुन्न, पुरस्कार प्रतीको बिश्वास र सम्मान किन मर्‍यो तपाईंमा भन्ने प्रश्नमा 'कुनै पनि कलाकारलाई गरिने सबै भन्दा ठुलो सम्मान भनेको उनीहरूद्वारा गाईएका, संगीतबद्ध गरिएका र लिपीबद्ध भएका गीतहरू सम्मानपुर्बक प्रसारण गर्नु हो ।' जसले नेपाली संगीतको जग खने, दुख सहेर नेपाली संगीतको सुन्दर मुहार निर्माण गरे आज तिनका गीत संगीत रचनाहरू आक्कल झुक्कल बाहेक कहाँ प्रसारण हुन्छन ? घर घरमा रेडियो स्टेसन छन् तर ती श्रष्टाहरूका गीत बज्दैनन अनि के को लागि सम्मान लिने, किन लिने ? सम्मान शब्दमा हैन व्यवहारमा हुनुपर्छ, ओठको सम्मान हैन हृदयले सम्मान गरिनु पर्छ । अरू त अरू राज्यले खै कहाँ चिन्न सक्यो त राष्ट्रका ती संस्थापक स्रष्टा सर्जकहरूलाई, देखावटी सम्मान बेकार हो । केही महत्वपूर्ण अवार्ड त लिनु भयो नि त प्रश्नमा 'ढाँटनु हुँदैन पाप लाग्छ, त्यसबेला त हामी पुराना कलाकारका पनि गीत बज्थे, रेडियो नेपालबाट पनि बज्थे, भर्खरै प्रजातन्त्र आएको थियो । त्यो जोशमा स्वर्णिम गीतहरू पनि रेडियोहरूबाट खुब बजे, खुशी भए हाम्रा पनि दिन आएछन्भनेर । पुरस्कारहरू पनि लिएँ जब हाम्रा गीत बज्न छोडे त्यसपछि मैले पुरस्कारको नाम सुन्ने बित्तिकै इन्कार गर्न थालें । वास्तवमा दिन आएका हैनन दिन त गएका पो रहेछन् । जसले पुरस्कार दिन्छु भन्छ पहिला पुराना श्रष्टाहरूको गीत बजाउनुस् त्यसपछि पुरस्कार लिन आउँछु भन्ने गर्‍याछु । तर उनले सर्बोत्तम साधक गायक, नातिकाजी सम्मान, बीरेन्द्र पदक, गोदवा २०३९, रेडियो नेपाल सेवा पदक, शुभराज्यभिषेक पदक, ईमेज लाईफटाईम अचिभमेन्ट अवार्ड लिएका छन् ।

## राजा महेन्द्रका मनपर्ने गायक

पन्नाकाजी नेपाली संगीत प्रेमीहरू माझ लोकप्रिय थिए र आजपनि छन् । त्यसबेला राजपरिवारका पनि प्रिय गायक हुन् उनी । विभिन्न अवसरहरूमा राजदरबारमा पनि सांगीतिक कार्यक्रमहरू भई नै रहन्थे । ती कार्यक्रममा दुई काजीहरू अनिबार्य उपस्थित हुनु पर्थ्यो (पन्नाकाजी र नातिकाजी) । पन्नाकाजी राजा महेन्द्रका निकै प्रिय थिए । बेलाबेलामा मौसुफबाट निम्तो बक्स भयो तुरून्त आउनु पर्‍यो भनेर खबर पाईरहन्थे उनी । दरबारमा उनी लगायत नातिकाजी, तारादेवी, ज्ञानबहादुर आदिको बिशेष गायन प्रस्तुति रहन्थ्यो । कार्यक्रम सकिएपछि राजा कलाकारहरूसँगै बसेर गफिंदै खानेकुराहरू खान्थे । खाए नखाएको, यो खाउँ कि त्यो खाउँ, मिठो नमिठो, दुख सुख के कसो छ सबै सोध्थे । महेन्द्र कलाकारलाई मन पराउँथे ।

## रेडियो नेपालमा उनका स्वरहरु

पन्नाकाजी रेडियो नेपालले जन्माएका एक स्वर्णिम गायक हुन् । उनको स्वर्णिम सपना थियो रेडियो नेपाल । सपना सोचे झैं साकार भयो । उनीभित्रकै सिर्जनात्मक एबं कलात्मक प्रतिभा र क्षमताले गर्दा उनी सफल भएका हुन् । उनको उर्वर बैश, जीवनका हर महत्वपूर्ण दिनहरू उनले रेडियो नेपालमै बिताए । सिंगो जीवन रेडियो नेपाल, नेपाली संगीत, नेपाली स्रष्टा सर्जकहरू प्रती समर्पित गरे । पन्नाकाजीले सांगीतिक जीवनको सुरूवाती चरणमा रेडियो नेपालमा रात यो नबित्लादेखि कसरीमा बिर्सुंसम्म आइपुग्दा पन्नाकाजीको जीवनमा निकै महत्व राख्ने र स्रोताको जीवनमा पनि अर्थ राख्ने गीतहरू सयौं प्रकाशन भएका छन् । यिनै गीतहरू नै गायक तथा संगीतकार पन्नाकाजीका जीवनका अमुल्य कृतीहरू हुन् ।

## संग्रहित कृतिहरु

गायक पन्नाकाजीले रेडियो नेपालमा आधुनिक, भजन, स्वदेशगान, लोकगीत, नेपाल भाषा आदि गरि १०० जति गीतहरू रेकर्ड गरेका छन् भने कुल ४०० गीतहरू रेकर्ड गरेको पन्नाकाजीको ठम्याई छ । ३ वटा सोलो एल्बमहरू समेत प्रकाशित छन् । यी एल्बमहरू लिजेण्ड अफ पन्नाकाजी, (कसरी बिर्सुं म), लिजेण्ड अफ पन्नाकाजी (आफ्नो संसार), साधक गायक पन्नाकाजी (भजन किर्तन) हुन् ।

## भक्ती सङ्गीत र नेपाल भाषा गीत

पन्नाकाजीले भक्ती संगीतमा पनि राम्रो स्थान बनाएका छन् । उनले रेडियो नेपालमा एक दर्जन जति भक्ती संगीत गाएका छन् । उनका मन छुने आफैद्वारा संगीतबद्ध तथा स्वरबद्ध गरिएका भजनहरू तन मन ध्यान दिई, पशुपतीनाथ प्रभु, भवसागरको नाउ, भज रामको नाम, जय जय हे त्रिपुरारी, नारायणको नाम जपौं लगायत २ दर्जन जति नेपाल भाषाक गीतहरू पनि गाएका छन् ।

## प्रबेशमान, पवित्रमान र पन्नाकाजीको सम्बन्ध

नेपाली सांगीतिक क्षेत्रका चर्चित गायक प्रबेशमान शाक्य र अर्का चर्चित गायक पबित्रमान शाक्य एकै परिवारका दुई दाजुभाई हुन् । प्रवेशले ३०० जति गीतहरू गाएका छन् भने पबित्रमानले पनि ५ दर्जनजति गीतहरू गाएका छन् । प्रवेशमानले केहि नेपाली चलचित्रमा समेत गीत गाएका छन् । लाउन त प्रित लाईदियौ बहार बनी बोलको गीतबाट प्रवेशमान बढी चिनिन्छन भने कति बस्छौ ओडी लाजको घुम्टो मनमा पलाएका रहरलाई छोपी बोलको गीतबाट पवित्रमान बढी चिनिन्छन । पन्नाकाजीका ५ सन्तान मध्ये यी दुईले नेपाली संगीतमा बेग्लै परिचयसहित पिता पन्नाकाजीकै पदचिन्ह पछ्याएका मात्र छैनन् आफ्नै सांगीतिक पहिचान समेत बनाई सकेकाछन । यस सम्बन्धमा गायक पन्नाकाजी भन्ने गर्थे- 'मैले कहिलै प्रवेश र पवित्रमानलाई गायक बन भनेर भनिन, गीत

# सङ्गीतकार बन्नु अगाडि नै सङ्गीतकार



नेपालमा सानैदेखि संगीतकार बन्ने उद्देश्य लिने मान्छे कमै हुन्छन् । पहिलो कुरा त संगीतकारको काम के हो भन्ने कुरा नै बुझेको हुँदैन । भाका बनाउने, एरेन्ज गर्ने, बाजा बजाउने, कुन धून हाल्ने भन्ने कुरामा के हो संगीतकारको काम भन्ने मलाई नै थाहा थिएन । अधिकांश संगीतकारको यात्रा गायनबाट सुरू भएको छ भने मेरो पनि गीत गाएर नै यो क्षेत्रमा आएको हुँ । दुःखी मुहार आँसुले धुँदै बोलको लोकगीतबाट मैले यो क्षेत्रमा प्रवेश गरेको हुँ । गीत गाउँदा गाउँदै संगीतकार बनेकामध्ये म पनि हुँ तर संगीतकार नै बन्छु भनेर आउने कमै होलान् । मलाई पनि संगीतकार भनेको थाहा थिएन, गीत लेख्ने, गाउने, भाका बनाउने गर्थें । तर पछि आएर थाहा भयो संगीतकारको अर्थ बुझेको हुँ । पहिले नै म संगीतकार रहेछु, भाका बनाउँथे, बाजा बजाउने र बनाउने, गीत गाउने जस्ता काम त गरिरहेकै थिएँ ।

जब म रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रमा आयोजना भएको लोकगीत सम्मेलनमा भाग लिएको थिएँ । ५ सय जनाले भाग लिएकोमा २० जनाले मात्र रेडियोमा रेकर्ड गर्ने अवसर पाउँथे । सबैले गुनगुनाएको सुन्दा म त गायक बन्दिनँ भन्ने लागेको थियो तर भाग्यले साथ दियो तेश्रो नम्बरमा नाम निस्केछ । त्यही लोकगीत रेकर्ड भयो । त्यतिखेर लाग्थ्यो म गायक बन्छु तर टप गायक बन्न सक्दिनँ । संगीतकार चाहिँ बन्छु भन्ने सोचेको थिएँ । त्यसपछि मैले संगीतको कक्षा लिन थालेँ, पाश्चात्य, पूर्वीय, शास्त्रीय संगीतको गुरू बनाएँ र संगीत गर्न थालेँ । संगीतकार बन्नका लागि सबै बाजा बजाउनु पर्छ, ब्याकराउन्डमा बज्ने सबै म्यूजिक संगीतकारले नै बनाउने हो भन्ने लागेको थियो । त्यतिबेला होस्टलमा बसेका साथीभाइले मेरो संगीतमा गीत गाउने कुरा भयो । संगीत बनाउने काम गरेँ, बाँसुरी, हारमोनियम, मादल, तबला सबै वाकमेनमा रेकर्ड गरेर संगीतको धून तयार पारेँ । त्यसपछि काठमाडौंमा रेकर्ड गर्नका लागि साथीहरूलाई पठाएँ । काठमाडौंमा आएपछि स्टुडियोले एरेन्जरकोमा पठाइदिएछ र एरेन्ज भएपछि डमी भोकल हालेर पोखरा फर्किएँ । त्यो डमी सुन्दा लाग्यो मेरो संगीत नै छैन, त्यति दुःख गरेर बनाएँ तर केही पनि छैन । मेरो संगीत खै ? भनेर सोधेँ, उनीहरूले यो गीतको संगीतकार तपाईं नै हो यो त मेसिन, किबोर्डबाट बनाएर ल्याएको हो । सिस्टमले गरेको हो । त्यसपछि बल्ला थाहा भयो यो सबै काम एरेन्जरले गर्ने रहेछ संगीतकार त भाका बनाउने मात्र रहेछ । तर मलाई एरेन्जर हुने बाटो भने बनाएको रहेछु । अनभिज्ञतामै म संगीतकार भएको रहेछु । सुरूवाती अवस्थामा नजानेर धेरै काम गरेँ तर अहिलेसम्म लगभग एक हजार गीतमा संगीत गरेको छु भने ६ हजार जतिमा एरेन्ज गरेको छु ।

अध्ययनकै सिलसिलामा बी.एड. सकियो, होस्टल छोड्नुपर्ने बेला भयो । त्यही बेला राजकुमार बगरजीसँग भेट भयो । उहाँको पनि बी.एड. सकिएको अवस्था तर उहाँ डेरामा बस्नुहुन्थ्यो । हामी सँगै बस्ने सल्लाह गर्‍यौं । त्यतिबेला राजकुमारजी गीत डायरीमा लेख्ने, पत्रिकामा छपाउने गर्नुहुन्थ्यो र संगीत पनि सिक्दै हुनुहुन्थ्यो । म भोलाप्रसाद गुरूसँग

**रिमामा एरेन्ज लिएर आउँदा नारायण रायमाझीले मेरो एरेन्ज सुनेर काठमाडौं बस्छौं भन्ने प्रस्ताव गर्नुभयो । मलाई लाग्थ्यो काठमाडौंमा संगीतका धुरन्धर छन्, म त बच्चा नै हुँ, पोखरामा भएको कमाइ जति नै यहाँ हुँदैन होला भन्ने लागेको थियो । नारायण दाइले तलबमा काम गर्ने वा एउटा गीत एरेन्ज गरेको यति भनेर काम गर्ने भन्नुभयो ।उहाँ र मेरो मिटिङ भयो, मैले तलबमा काम गर्छु भनेँ । उहाँले सिधै भन्नुभयो मैले सोचेको भन्दा तीन गुना बढी तलब पाउने भएँ ।**

संगीत सिक्दै गरेको थिएँ, गुरूसँग सिकेको कुरा डेरामा आएपछि अभ्यास गर्ने गर्थें । उहाँ नाम चलेकै गीतकार बनिसक्नुभएको थियो । डेरामा राजकुमारजीले भन्नुभयो कति त्यही अभ्यास मात्रै गर्नुभएको अब संगीत पनि गर्नुस् भनेर शब्द दिनुभयो । शब्द मेरो मन छुने थिए, तर उहाँले नै भनेको शब्दमा मैले संगीत गरेको एक सटमै बन्यो । त्यो मेलोडी उहाँ पनि गाउनुहुन्थ्यो, म पनि त्यसमै अभ्यास गरिरहन्थे । एक दिन पोखराको पपुलर गायक रामभक्त जोजिजूलाई राजकुमारजीले त्यो गीत सुनाउनु भएछ । त्यसपछि रामभक्त जोजिजू डेरामै आउनुभयो, गाएर सुनाउनु पनि भयो । मैले उहाँको कार्यक्रम पोखरामा धेरै हेरको थिए, गीत सुनेर स्तब्ध हुन्थें । ०५५ रेडियो नेपालमा राष्ट्रव्यापी आधुनिक गीत प्रतियोगितामा भाग लिने र यो गीत नै गाउने प्रस्ताव गर्नुभयो । त्यस प्रतियोगितामा गीतकार र गायकले प्रथम स्थान हासिल गर्दा म अत्यन्तै खुशी भए । त्यसपछि राष्ट्रव्यापी रूपमा चिनिँए, धेरै संगीत गर्ने अवसर मिल्यो । मलाई पोखरामा भ्याइनभ्याइ हुन थालेँ ।

मैले यो गीतपछि एरेन्जको काम पनि सुरू गरेँ । झन् व्यस्त बन्दै गएँ । मलाई थाहा भयो म पहिले नै एरेन्जर बनेको रहेछु जस्तो लाग्यो । भाका बनाएर मात्रै संगीतकार बन्दा खल्लो लाग्न थाल्यो, एरेन्ज अनिवार्य जस्तै लाग्यो । बाग्लुङबाट आएर पोखरामा कर्मथलो बनाउँदा स्थानीयस्तरमा म चल्तीको संगीतकार बनेको रहेछु । म ०६० सालमा काठमाडौं छिरेको हुँ । काठमाडौंमा रेकर्ड गर्नुपर्दा प्रायजसो म्यूजिक नेपाल र रिमा रेकर्डिङमा काम हुन्थ्यो । रिमामा एरेन्ज लिएर आउँदा नारायण रायमाझीले मेरो एरेन्ज सुनेर काठमाडौं बस्छौं भन्ने प्रस्ताव गर्नुभयो । काठमाडौंमा संगीतका धुरन्धर छन्, म त बच्चा नै हुँ, पोखरामा भएको कमाइ जति नै यहाँ हुँदैन भन्ने मलाई लागेको थियो । नारायण दाइले तलबमा काम गर्ने वा एउटा गीत एरेन्ज गरेको यति भनेर काम गर्ने भन्नुभयो । उहाँ र मेरो मिटिङ भयो, मैले तलबमा काम गर्छु भनेँ । उहाँले सिधै तलब तोकिदिनुभयो । मैले सोचेको भन्दा तीन गुना बढी तलब पाउने भएँ । मेरो बोली नै रोकियो । उहाँले एकाउन्टेनलाई भेटेर जानु भन्नुभयो । एकाउन्टमा गएको त १० हजार एडभान्स पाएँ । नसोचेका भयो अब मैले कसरी काम गर्ने हो भन्ने द्विविधामा परेँ । पोखरा फर्किएँ, भाइबहिनीसँग सल्लाह गरेँ । त्यसपछि श्याम भाइलाई लिएर काठमाडौं आएँ । ओढ्ने ओछ्याउने गाडीमा लोड गरेर आएका थियौं । थानकोट आएपछि फोन गर्‍यौं बसपार्कमा नारायण दाइले लिन पठाउनु भएको रहेछ । सामान लिएर कोठामा ल्याएँ । कोठामा पर्दा, कार्पेट हालेर तयारी रहेछ, दुईवटा कोठा छ पुग्दैन की भन्नुभयो । हामी दङ्ग पर्‍यौं ।

अब स्टुडियोमा काम सुरू भयो, म एरेन्जमा व्यस्त भएँ । श्याम भाइले नजानेरै एक दिन नारायण दाइको अगाडि रेकर्ड गरेको रहेछ त्यत्तिकैमा दाइले रेकर्डिष्ट बनाइदिनुभयो । अब हामीलाई लाग्यो दाइले धेरै दिनुभयो, हामीले दिएको कमी भएको छ भन्ने लाग्यो । हामी ड्यूटी समयभन्दा पनि रातिसम्म काम गर्थ्यौं । रिमाबाट निस्केका गीतहरू चर्चाको शिखरमा पुग्थे । हामीले कमी हुन दिएनौं जस्तो लाग्यो । लोकदोहोरी क्षेत्रका चल्तीका प्राय सबैको गीत एरेन्ज गरेको छु । मैले अहिलेका चल्तीका एरेन्जहरूका गीतमा एरेन्ज गरेको छु । काठमाडौंमा आएपछि म धेरै व्यस्त एरेन्जरको रूपमा परिचित भएँ, संघर्ष गर्नु परेन । यतिसम्मकी मेरो विधा संगीतकार हो भन्ने नै बिर्सिएँ । विहानदेखि बेलुकादेखि एरेन्जमै व्यस्त भएँ तर पनि वर्ष वर्षमा एकल संगीतमा एल्बम पनि बजारमा ल्याइरहेँ । फूल, मोहनी, आकर्षण, तरङ्ग, राम कसमलगायतका एल्बमहरू बजारमा छन् । उडेर जून, ज्यान माया, मेरो माया कलकल बग्ने धाराको पानी, जहाँ तिमी त्यहाँ म, माया गर्नुको अर्थ सिउँदो भर्नु होइन, झम तारा झमझम, तिम्रै झल्को, फूल जस्तै पवित्र लगायतका सयौं गीत चर्चामा छन् । चलचित्रहरूमा पनि बाटुली, दृष्टिकोण, निशानी, नागबेली, गोर्खा पल्टन, परदेशी लगायत केही चलचित्रहरूमा पनि संगीत गरेँ । चलचित्र बाटुलीबाट केही अवार्डहरू पनि प्राप्त गरेँ । नारायण दाइकै श्रेयमा स्टुडियो संचालनसमेत गरिएको छ । पुरानो रिमालाई प्रिज्म बनाएर हामीले संचालन गरेका हौं । हामी जहाँ छौं त्यो सबै नारायण दाइकै श्रेय हो । उहाँकै माया, स्नेह र आर्शिवादमा यहाँसम्म आइपुग्यौं ।

---

गाउ पनि भनिन, तर राम्रो राम्रो सभ्यता संस्कार र संस्कृति सिक भनेर चैं जीवनमा धेरै चोटी भने होला, उनीहरू आफै संगीतमा हेलिएका हुन्, आफै गीत संगीतको क्षेत्रमा उदाएका हुन्, मेरो नाम ले हैन ,मेरो कामले पनि हैन, तिमीहरू आफ्नै क्षमता, प्रतिभा र योग्यताले चिनिनु पर्छ भन्थें । वास्तवमा प्रवेश र पवित्रमानले पनि पिताले कल्पना र सपना कोरे झैं आ–आफ्नै बलबुता, ज्ञान र बिबेकलाई पछ्याउँदै उनीहरू संगीत र जीवनपथमा अघि बढे र सफलता पनि प्राप्त गरिरहेका छन् जीवनमा निरन्तर ।

### कृष्णप्रसाद भट्टराइले गीत गाउँदा गाउँदै रोके

कलकत्तामा २०१३ सालमा तिरिरि मुरली बज्यो बनैमा लगायतका गीत गाउँदा पन्नाकाजीसंग आत्मिय सम्बन्ध रहेका पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई पनि संगै स्टुडियोमा थिए । पन्नाकाजीले एकपल्ट तिरिरि मुरली बज्यो बोलको गीत गाईसके पछि अर्को पटक गाउँदा भयो भयो ओके ओके फेरी किन दोहोरयाको भनेर कराए कृष्णप्रसाद । सबै हाँसे स्टुडियोमा भएका मानिसहरू । उनले एकपटक मात्र गाउँछन, रेकर्ड गर्दा पटक पटक गाईन्छ भन्ने कल्पना समेत गरेका रहेनछन । त्यसपछि भने ४,५ टेक गाए पन्नाकाजीले, कृष्णप्रसाद अचम्म मानेर सुनिरहे मात्र, बिचमा भयो भयो भनेर कराएनन् ।

### ९ महिना जेल परे

उनी गायक संगीतकार मात्र थिएनन् । नेपाली कांग्रेसमा प्रतिबद्ध पनि थिए । पूर्व प्रधानमन्त्रि कृष्णप्रसाद भट्टराई, जनआन्दोलनका सर्बोच्च कमान्डर गणेशमानसिंह, प्रकाशमान सिंह जस्ता व्यक्तित्वहरूसंग समेत यिनको गहिरो उठबस थियो । यहीकारण २०१८ सालमा यिनले पनि ९ महिना नख्खु जेलको हावा खाए । यिनले आफ्नै हातले स्केच गरेको ५ फिटको गणेशमान सिंहको तस्बिर अझै गणेशमान सिंहको घरमा सजाएर राखिएको छ जुन उनले उनलाई उपहार दिएका थिए ।

### मेरो अध्ययनमा उनी

पन्नाकाजी नेपाली संगीतका संस्थापक गायक संगीतकार त हुँदै हुन् । रेडियो नेपालका पनि उनी संस्थापक मध्येका एक ससत्त कलाकार हुन् । रेडियो नेपालको जन्म संगै उदाएका उनी रेडियो नेपाल जत्तिकै स्वाभिमानी र शालीन पनि छन् । उनलाई आफ्नो बारेमा कसैले प्रचार गरेको मन पर्दैन । उनलाई पाश्चात्य र बहुरंगी संगीतले छुँदैन । देशलाई अति माया गर्छन । अरूलाई पनि उत्तिकै माया र अपनत्व बाँड्न चाहन्छन । पुरस्कार लिईदिनु परयो भनेर कोहि घरमा पुग्छन, पहिले गीत त बजाएर सम्मान गर्नुस त्यसपछि स्टेज सम्मानको कुरा गरौं भन्छन् । उनी रेडियो नेपालमा संगीत महासाखामा नै जीवन बिताएका राष्ट्र सेवक कर्मचारी पनि हुन् । तर धेरैले पन्नाकाजी रेडियो नेपालमा नभएको भए अझ धेरै लोकप्रिय बन्ने थिए भन्ने गर्छन् । उनलाई जागिरे जीवनले पनि थिच्यो, उनको गायन र कलालाई पनि केहि हदसम्म त थिचेकै हो । उनका साथीहरू नातिकाजी शिवशंकर, नारायणगोपाल, तारादेबी ज्ञानबहादुर, ईन्द्रलाल, पुष्प नेपाली, उही गोबिन्दबहादुर गुरूङ, रामहरी गुरूङ आदि उनलाई अति माया गर्थे । सिर्जनाका क्रममा तिनका घरमा उनि पुग्थे, उनका घरका घरेलु कार्यक्रममा उनीहरू चुल्हे निम्तो मान्न आइपुग्थे । यसबाट पन्नाकाजीको सहकार्य र स्वर्णिम युगका स्रष्टा सर्जकहरूसंगको सम्बन्ध प्रष्टिन्छ । नारायणगोपालले उनका छोरा प्रबेशमानको बिवाहमा गरेका रमाईला सम्बाद अझै उनले बिर्सेका छैनन । नेपाली संगीत शिखर अम्बर गुरूङ्गले पबित्रमानलाई बाबुको बिंडो थाम्न दिएका सुझाव अहिले पनि झल्झली सम्झिरहेका छन् । यसबाट पनि पन्नाकाजीको महत्व झल्किन्छ ।

लेखकः वरिष्ठ संगीतकार, गायक एवं रेडियो नेपालका उपनिर्देशक हुनुहुन्छ ।

प्रस्तोता समाज नेपालको
अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोन: ०१–४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

राजन ठकुरीसँग लोक गायकको कथा

# "बिना संघर्ष चम्किएको एउटा तारा"



**राधिका अधिकारी/म्यूजिक खबर**

२०५५ सालमा गायक बन्ने सपना बोकेर राजधानी पस्दै गर्दा राजन ठकुरीका सपना कृष्ण भीरको पहिरोसँगै झण्डै पुरिएका थिए । राजनलाई राजधानीको बाटो समात्न जत्तिको गाह्रो गीत संगीतको बाटो समात्न चाहिँ पटक्कै भएन । २०५५ साल, त्यो समय माओबादीको आन्दोलन चर्किरहेको थियो देशमा । २ दिनसम्म कृष्ण भीरको पहिरोमा थूनिएका ठकुरीले त्यो समय नाकढुङ्गाबाटै हिडेर राजधानी टेकेका हुन् । पहिरो र माओबादी बन्दको दोहोरो मारमा परेका थिए उनका सपना ।

सानै बाट रेडियो नेपाल सुन्दै हुर्केका राजन बाल्यकालबाटै गीत गायनका शौखिन थिए । पढाईमा पनि अब्बल राजन स्कुलका हरेक सांस्कृतिक कार्यक्रमका संयोजक हुन्थें । उनकै नेतृत्वमा स्कुलका कार्यक्रम सम्पन्न हुन्थे । राजनको परिवार पनि निक्कै सांगीतिक थियो । सांगीतिक पारिवारिक पृष्ठभूमिमा हुर्किएका राजवनलाई त्यहि पारिवारिक पृष्ठभूमिले पनि गायनमा थप हौस्याउँदै लग्यो ।

गायनका अब्बल राजनले कक्षा ४ पढ्दा ताका नै बासुरी बजाएर प्रथम पुरस्कार पाएका उनले राजधानी छिरेर सुरूमा बाद्यबाधककै रूपमा कामको थालनी गरेका हुन् । उनका बाबु आमाले राजधानी उनलाई पढ्न पठाएका थिए, तर उनी आफूभित्र गायक बन्ने सपना बोकेर राजधानी आएका हुन् । प्रथम श्रेणीमा एसएलसी पास गरेको छोरालाई डाक्टर, इन्जिनीयर नै बनाउन नसके पनि राम्रो विषयमा मास्टर गरोस् भन्ने उनका आमा बुवाको सपना हुनु स्वभाविकै पनि थियो । उनी भन्दा माथिका उनका दाजूहरूले पनि राम्रो पढाई पुरा गर्दै गर्दा उनमा भने कलाकार बन्ने मृगतृष्णा र भोक थियो ।

पढ्नका लागि अस्कल क्याम्पस भर्ना भएका राजनले कलेका कार्यक्रममा पनि गीत गाउन छाडेनन् । कलेजमा पनि उनको स्वरको तारिफ हुन थाल्यो । लोक गायनमा राम्रो र अलग्गै पहिचान बनाएका राजनलाई त्यति बेला आधुनिक गीतको भूत पनि सवार भएको थियो । उनी रामकृष्ण ढकालका गीत खुब फिल दिएर गाउँथे ।

कलेजमा पढ्दै र गीत गाउँदै जाँदा राजन एक दिन बायोलोजि पढाउने गुरूका नजरमा परे । उनी सम्म पहिला देखिनै राजनले राम्रो गाउँछ भन्ने खबर पुगिसेको थियो । बायोलोजिका गुरूले उनलाई गीत गाउँनै सुझाए । उनी सम्झिन्छन् त्यसबेला गरूले भनेका थिए 'डाक्टर, इन्जिनीयर बन्छु भनेर धेरै आए, गए, तर थोरै मात्रै डाक्टर, इन्जिनीयर भए । तिमी जत्तिको गाउन सक्ने मान्छेले गाउनु पर्छ । तपाई राम्रो डाक्टर इन्जिनीयरभन्दा राम्रो कलाकार बन्न सक्नुहुन्छ ।' त्यसपछि राजनमा भएको कला मोह झन धेरै गाढा बनेर उर्लियो ।

आईएसीमा राम्रो अंक ल्याएर पास गरेका राजनलाई अब पढाई पनि परिवर्तन गरे । राजधानी आएको केहि समयमै एउटा दोहोरी साँझमा बाद्य बाधकका रूपमा प्रवेश गरे । पछि गायनमा लागे । लाहुरेका छोरा राजनलाई काम गर्नु पर्ने बाध्यता थिएन् । रहरको क्षेत्र भएकाले दोहोरी साँझमा प्रवेश गरेका राजनले केहि समयसम्म आफूले दोहोरीमा गीत गाउँदै गरेको कुरा परिवारमा लुकाए । अहिले राजन आफै दोहोरी साँझ खोलेर थुप्रै कलाकार जन्माउने बाटोमा छन् ।

त्यहि दोहोरी साँझ हुँदै गीत रेकर्डमा क्रममा राजनले धेरैका धेरै खाले कुरा सुन्नु पऱ्यो । उमेर बढ्दै जाँदा उनको स्वरमा पनि परिवर्तन आयो । पहिलाको सुरिलो स्वरमा केहि धोद्रो पन आएको थियो । हो त्यहि बेला गीत रेकर्ड गर्न खोज्दा राजनलाई धेरैले धोद्रो स्वरले लोक गीत गाएर हुँदैन भनेर निरूत्साहित गरेका थिए । तर, उनले भने हरेस खाएनन् । नारायण रायमाझीका फ्यान राजन उनका गीत खुब गुन्गुनाउथें । धेरैले उनलाई नारायण रायमाझीको फोटोकपी समेत भन्ने गर्थे । पछि उनले गायनमा आफ्नै शैली खोज्न थाले । शास्त्रीय संगीतको अध्ययनलाई पनि अगाडी बढाए ।

जति बेला राजनले पहिलो पटक एल्वम निकाल्ने सोचेर म्यूजिक कम्पनी धाएथे, धेरैले राजु परियार र पुरूषोत्तम न्यौपानेको जमाना हो भनेर फर्काए । पछि राजनले नारायण रायमाझीलाई आफ्ना 'सिमसिम पानी र डाँडै माथि जून'बोलका २ गीत गाएर सुनाए । रायमाझीले राजनका दुबै गीत मन पराए । गीत सुनेर त्यतिबेला राजनलाई उनले 'तिमीलाई यो गीतले स्थापित गराउँछ' भनेका थिए । राजनले त्यतिबेला रायमाझीका कुरा पनि त्यति पत्याएका थिएनन् । धेरैको खिसिटिउरी सुन्दा सुन्दै दिक्क भएका राजनलाई नारायण रायमाझीले निक्कै हौसला प्रदान गरे । त्यसपछि राजनले एल्वम निकाले । सिमसिम पानी रैछौ बइमानी यहि गीतले राजनलाई लोक गायनका क्षेत्रमा स्थापित गरायो । नेपाली लोकगीत संगीतका स्रोता र गीतसंगीतका क्षेत्रमा काम गर्ने धेरैका नजरमा पर्न सफल भए राजन ठकुरी । त्यसपछि उनले कहिल्यै पछाडी फर्केर हेर्नु परेन् । राजन सम्झिन्छन् 'त्यो बेला मैले नारायण दाईको संगत गरेको थिईन भने म गायक बन्न सक्थे कि सक्दिनथे थाहा छैन् ।' उनले गीत गाउनकै लागि यो राजधानीमा धेरै पापड पेल्नु परेन । गीतसंगीतमा गरेको लगानी डुबाउनु परेन् । केहि पललाई छाड्ने हो भने राजन संघर्षको त्यो समय एउटा भाग्यमानी गायक थिए र अहिले पनि आफ्नो फरक परिचयका साथ लोकगायनमा जमिरहेछन् । टिकिरहेछन् ।

# निरन्तर क्रियाशील नारायण



नारायण ढकाल अहिलेका चल्तीका मोडल एवं निर्देशकका रूपमा परिचित छन् । अध्ययनको शिलशिलामा काठमाडौं छिरेका नारायणलाई रेडियोमा गीत गाएजस्तै कसरी गाउने वा टीभीमा आएको फिल्ममा जस्तै कसरी रोल गर्ने भन्ने चिन्ता थियो । कुनै पनि मानिस पहिले नै यो बन्छु भनेर आउने र पछि अर्कै बन्ने गरेका उदाहरण धेरै छन् । त्यस्तै नारायणले पनि यहि क्षेत्रमा कुनै सपना नबोकि भित्रिए रहरै रहरले भित्रिए । तर पनि यस क्षेत्रको आकर्षण, कामको लगावका कारण आज एउटा मोडल र निर्देशकको परिचय बनाउन सफल भएका छन् ।

सिकौं कम्प्युटर बोलको म्यूजिक भिडियो खेलेपछि थ्री लभर्स, मायाज बार लगायतका केही नेपाली चलचित्रमा पनि साइड रोल गरे । गीत संगीत भनेपछि भुतुक्कै हुने स्वभावले उनले संगीत पनि सिके । अन्ततः उनी एउटा सफल मोडलका रूपमा दर्ज भए । पछिल्लो समय धेरै जनाले त नारायणलाई शंकर बिसीको स्टाइलमा पनि लिने गर्दछन् । तर आफूलाई आफ्नै नामबाट चिनाउन चाहने उनले दर्जनौं म्यूजिक भिडियोमा अभिनय समेत गरिसके । करिब २ दर्जन म्यूजिक भिडियोमा निर्देशन गरिसकेका नारायणले निर्देशनमा पनि उत्तिकै सफलता हात पारिसकेका छन् । एउटा मोडलमा हुनुपर्ने गुणहरू नारायणसँग छन् । उनले खेलेका म्यूजिक भिडियोहरू जति हिट हुँदै गए पनि उनको भविश्यसँग भने गीतसंगीत नै जोडिएको छ ।

गीतसंगीतको क्षेत्रमा निरन्तर क्रियाशील रहेका नारायणले आफ्नो कामको मूल्यांकन हुँदै गरेको बताए । त्यसो त उत्कृष्ट मोडलको हकले 'म्यूजिक खबर म्यूजिक अवार्ड' र नेशनल क्यापिटल अवार्ड समेत उनले चुमिसकेका छन् । गोरखादेखि काठमाडौं सम्म आइपुग्दाका बाटोहरू केही बिर्सदै गएको भए पनि आफ्नो लक्ष्य भने राम्रो मोडल र निर्देशक हुनेमै रहेको बताए । उनले निर्देशन गरेका भिडियोहरूको पनि तारिफ हुनेगरेको छ । पछिल्लो समय उनी व्यस्त बन्दै गइरहेका मोडल एवं निर्देशक हुन् ।












नृत्यमा अब्बल मानिने, आजकी चल्तीकी मोडल हुन् रश्मी तामाङ । पछिल्लो समयमा प्रायः म्युजिक भिडियो निर्देशकको रोजाइमा पर्ने गरेकी रश्मीले पाँचसय भन्दा बढी म्यूजिक भिडियोमा काम गरिसकेकी छिन् ।

नुवाकोटमा जन्मिएर काठमाडौंलाई कर्मथलो बनाउँदै आएकी रश्मी कलायात्रामा धेरै संघर्ष गरेर यो स्थानमा आइपुगेकी हुन् । उनले पाएको सफलताको श्रेय आमा र गुरू भुवन लामालाई दिन्छिन् । केहि चलचित्रबाट पनि उनलाई प्रस्ताव आएको थियो तर, म्युजिक भिडियोमै मन बसेकाले चलचित्र उनको रोजाइमा पर्न सकेन । यद्यपी उनले तामाङ भाषाको चलचित्र 'बाजीमेला'मा भने अभिनय गरेकी छिन् ।

म्युजिक भिडियोमै नाम र दाम देखे की रश्मी अहिलेसम्म अविवाहित छिन् । थुप्रै मायाप्रेमका प्रपोजहरू आउँछन् तर अहिले त्यतातिर ध्यान नै गएको छैन भन्दै विवाहको कुनै योजना नभएको बताउँछिन् । नृत्यमा र अभिनयका माध्यमबाट चर्चाको शिखरमा पुगेकी रश्मी पछिल्लो समय देश विदेशमा हुने कन्सर्टहरूमा व्यस्त बन्दै आएकी छन् ।




२०७३ पुष १ देखि १५ सम्म

www.musickhabar.com

म्यूजिक खबर

Musickhabar Bi-weekly Magazine पाक्षिक


## रश्मी तामाङ
## मोडल

तस्वीरः शिवलाल श्रेष्ठ
तस्विर स्टुडियो, बागबजार

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

## फिल्मी खबर

# मलेसियामा लालजोडी

लक्ष्मण सुवेदी निर्देशित कमेडी फिल्म 'लालजोडी' चाइनीज नयाँ बर्षको छेको पारेरमा मलेसियामा प्रदर्शन हुने भएको छ । सञ्चारकर्मी समेत रहेका सुवेदीकै लेखन, निर्माण रहेको फिल्मलाई मलेसियामा प्रदर्शनको अधिकार मनु थापाले लिएकी हुन् ।




मलेसियामा हुने चाइनिज नयाँ वर्षमा नेपालीहरूले छुट्टि पाउने हुँदा यो चलचित्रले राम्रो बजार पाउने आशा लिइएको छ । 'मलेसियामा रहेका नेपालीले लालजोडी हेर्न इच्छा गरेकाले हलमा प्रदर्शन गर्न लागेका हौ,' मनुले भनिन् । लामो समयदेखि मलेसिया, सिंगापुर र बंगलादेशमा ब्यापार व्यवसाय गर्दै आइरहेकी मनुले मलेसियामा 'लालजोडी'को माग भएकाले हलमा प्रदर्शन गर्न लागिएको बताइन् ।

'दर्शकले माग गर्ने नेपाली फिल्म मलेसियाका बिभिन्न शहरमा नियमीत रूपमा प्रदर्शन गर्ने तयारीमा छौं' उनको भनाइ छ । गत भदौमा नेपालमा प्रदर्शन भएको फिल्म कमेडी जनरा मन पराउने दर्शकको लागी राम्रो खुराक बन्नसक्छ । फिल्म मेलेसियाको क्वालालाम्पुरस्थिति फेडरल थिएटर 'चो किट' र सुएरा स्क्रिन्स थिएटर पसिर गुडाङ, जोहरमा यही जनवरी २८ देखि प्रदर्शन हुदैछ । नक्कली बाबुराम समेत रहेका ज्योती काफ्ले, रजनी केसी, आयुष्मा कार्की, वुद्धी तामाङ लगायत फिल्ममा लिड अभिनयमा छन् ।

# पशुपतिप्रसाद पछि धनपतिको रिलिज



बर्ष २०७२ को हिट फिल्म 'पशुपतिप्रसाद' टिमको तर्फबाट बन्न लागेको नयाँ फिल्म 'धनपति'को फ्लोरमा जानु पुर्व नै रिलिज घोषणा गरिएको छ । निर्माण व्यानर टुकी आर्ट्सले प्रेस विज्ञप्ती जारी गर्दै अर्को बर्ष अर्थात २०७४ को असार २३ लाई विश्वव्यापी रूपमा धनपतिको प्रदर्शन मिति घोषणा गरेको हो ।

विज्ञप्तीमा यहि माघ २७ गतेबाट फिल्म औपचारिक रूपमा फ्लोरमा जाने भन्दै अंग्रेजी महिनामा २०१७ को जुलाई ७ लाई सार्वजनिक प्रदर्शनको मिति फाइनल भएको जनाइएको छ । फिल्मलाई दिपेन्द्र के खनालले निर्देशन गर्दैछन् । सपना र अहंकारले एउटा मान्छेलाइ कता कता ठोक्याउँछ भन्ने कथामा चलचित्र बन्न लागेको धनपतिमा कलाकार खगेन्द्र लामिछाने र सुरक्षा पन्त लिड अभिनयमा हुनेछन् । फिल्मकी निर्मात्री रोजिना सिटौला हुन् भने सह निर्मातामा रजना नापित र समीर देवकोटा छन् ।

**एकै छातामुनी**

- –अडियो/भिडियो
- –कभर डिजाइन एण्ड प्रिन्टिङ
- –डविङ एण्ड प्याकिङ
- –मिडिया प्रमोशन
- –विमोचन कार्यक्रम

**शुभकामना मिडिया सोलुशन**
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# चलचित्र संघमा उदय

म्यूजिक खबर

नेपाल चलचित्र सँघको ४४औ बार्षिक साधारण सभाबाट नेपाल चलचित्र संघको अध्यक्षमा निर्माता एवं बितरक प्रदीप कुमार उदय निर्विरोध निर्वाचित भएका छन् । हेटौंडामा भएको साधारणसभाबाट उदयलाई नेपाल चलचित्र संघको नेतृत्व सुम्पिएको हो । अध्यक्ष पदमा निर्वाचित भएपछि उदयले आफूलाई जिताउने सम्पूर्णमा हार्दिक आभार ब्यक्त गर्दै नेपाली चलचित्र क्षेत्रलाई ब्यवस्थित,पारदर्शी,सम्मानित र प्रतिष्ठित बनाउन लागी पर्ने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

हल सञ्चालक र चलचित्र वितरकहरूको संस्था नेपाल चलचित्र संघको अन्य कार्यसमितिमा भने अशोक शर्मा, बीरेन्द्र नारायण श्रेष्ठ, मधुसुधन प्रधान, नरेन्द्र महर्जन, गोपाल कायस्थ चयन भएका छन् । त्यस्तै अर्जुन श्रेष्ठ, मदनमान बज्राचार्य, विक्रम पराजुली, कपिल द्धा, राजिककुमार शाह, निराज पोखरेल, नारायणप्रसाद आचार्य र ओम जैसी कार्यसमिती सदस्य छनौट भएका छन् ।

यसरी चयन भएका सदस्यहरूबाटै केही दिनपछि उपाध्यक्ष सहित बाँकी पदाधिकारीको घोषणा गरिने नवनिर्वाचित अध्यक्ष उदयले बताए ।

यस्तै संघको पूर्वाञ्चल क्षेत्र अन्तर्गत सभापतिमा चैतन्य बराल र सचिवमा परशुराम चौधरी चयन भएका छन् । बर्तमान अध्यक्ष नकिम उद्दिनले बैशाखदेखि प्रदीप कुमार उदयको नयाँ कार्यसमितिलाई कार्यभार सुम्पिने बताइएको छ ।

संघको ४४ औं वार्षिक साधारण सभाको उद्‌टन राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले गरेका थिए । थापाले कार्यक्रममा बोल्दै नेपाली चलचित्र समय अनुसार परिवर्तन हुँदै जानु पर्ने बताएका थिए । २०४५ सालमा आफु तात्कालिन सञ्चारमन्त्री हुँदा वर्षमा एउटा नेपाली सिनेमा बन्ने गरेको अध्यक्ष थापाले बताए ।



चलचित्र संघका अध्यक्ष नकिम उद्दिनले नेपाली चलचित्र डिजिटल प्रविधिमा गएपछि नेपाली फिल्मले ८० प्रतिसत भन्दा बढी नेपाली बजार ओगट्न सफल भएको धारणा दाबी गरे भने चलचित्र विकास बोर्डका अध्यक्ष राजकुमार राईले सिनेमा हल समय अनुसार सुधार हुन नसकेको भन्दै मोफसलका फिल्म हलमा नेपाली चलचित्र चल्न छाडेको बताएका थिए ।

# परदेशकै कथामा 'मन त परदेशी'




**म्यूजिक खबर** । परदेशमा गएका नेपालीहरूकै कथाभित्र बाँधिएर चलचित्र मन त परदेश बन्ने भएको छ । राजधानीको कमलादी गणेश मन्दिरमा पूजाआजा गरी मन त परदेशी युनिटले शुभमूहुर्त सम्पन्न गरेको छ । देव नेपालको लेखन एवं निर्देशन रहने चलचित्र मन त परदेशीको शुभमूहुर्त कार्यक्रममा निर्माता निर्देशक उदय सुब्बाले एक्सन कट गरेका थिए भने चलचित्र निर्देशक समाजका उपाध्यक्ष दीपक खाँडले क्ल्याम हानेका थिए । संगीत कला पत्रकार संघका अध्यक्ष सुमन पण्डितले नरिबल फोरेर चलचित्रको शुभसाइत गरेका थिए ।

दुर्गाबहादुर खड्का, भुवन शर्मा कँडेल, निराजन अधिकारी निर्माता रहेको मन त परदेशीमा दिपेशराज पाण्डे, रेणु शर्मा, समिता गिरी, मुस्कान रेग्मी, राम बुढाथोकी, सन्ध्या पौडेल, किशोर कुमार खतिवडा, सौगात लामिछाने, विक्रम क्षेत्रीको अभिनय रहने भएको छ । चलचित्रको छायाँकन मरूभूमि नारायणले गर्ने भएका छन् । सन्ध्या पौडेलको नृत्य, सुशिला कुमालको श्रृंगार, राजु किराँतीको द्वन्द्व रहने यस चलचित्रमा पुस्कर सुनुवार र राजेश श्रेष्ठको संगीत रहने भएको छ । शंकर अधिकारी घायल र भुवन शर्मा कँडेलको गीत रहेको यस चलचित्रमा पुस्कर सुनुवार, मेलिना राई, राज सिग्देल, सपना वस्तीको स्वर रहने बताइएको छ । नेपाली समाजमा घटेको यथार्थपरक घटनाक्रमलाई चित्रण गर्दै एबी फिल्म्सको ब्यानरमा चलचित्र निर्माण हुन लागेको हो । अब केही समयमै यो चलचित्र फ्लोरमा जाने निर्देशक देव नेपालले बताए ।

# साहित्यमा सक्रिय भावना



नेपाली साहित्यको क्षेत्रमा पछिल्लो समयमा अत्यन्तै सक्रिय स्रष्टा भवानी न्यौपाने भावना हुन् । पिता पवित्र राज न्यौपाने र माता विमला न्यौपानेकी सुपुत्री भावनाका सयौं फुटकर रचनाहरूका साथै साहित्यिक कृतिहरू पनि प्रकाशित छन् ।

भावनाका बिम्बहरू कविता सङ्ग्रह, भावनाका उद्‌भास छन्द कविता सङ्ग्रह उनका प्रकाशित कृति हुन् भने शास्त्रीय बहर गजल सङ्ग्रहका साथै कथा सङ्ग्रह र नियात्रा सङ्ग्रह पनि प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

बी.एड.सम्मको औपचारिक अध्ययन गरेकी साहित्यकार भावना पेशाका हिसाबले स्थायी शिक्षकको रूपमा दाङको तुलसीपुरमा कार्यरत छिन् । साहित्यमा सक्रियता भएकै कारण नेपालका थुप्रै जिल्लामा साहित्यिक भ्रमण गर्नुका साथै छिमेकी राष्ट्र भारतका विभिन्न ठाँउमा साहित्यिक भ्रमणमा संलग्न हुनुका साथसाथै सम्मानित र पुरस्कृत पनि भएकी छिन् ।

साहित्यिक सिर्जनशीलताका साथसाथै भावनाले आफुलाई साहित्यिक सङ्घ संस्थामा पनि आवद्ध रहेकी छिन् । दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानमा आजीवन सदस्य, पल्लव साहित्य प्रतिष्ठान चितवनमा आजीवन सदस्य, राप्ती साहित्य परिषद् दाङमा आजीवन सदस्य, देउखुरी साहित्य मंचमा आजीवन सदस्य, लेखक संघ दाङमा आजीवन सदस्य तथा व्रम्हकुमारी राजयोगमा आजीवन सदस्यका रूपमा आवद्ध रहेकी छिन् । साहित्यिक प्रतियोगिता अन्तर्गत क्याम्पस स्तरीय कथा प्रतियोगितामा प्रथम –२०६१ साथै जिल्ला स्तरीय वक्तृत्व कलामा द्वितीय –२०७० मा बिजेता बनेकी भावनाले साहित्यमा निरन्तर सक्रियताले गर्दा विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेको बताउँछिन् । छबिलाल स्मृति साहित्य सम्मान, सिर्जनशील नारी साहित्य सम्मान, महामण्डल युबा साहित्य सम्मान, मन्जु राणा साहित्य सम्मान, बिष्णु नुमा साहित्य सम्मान, नारी साहित्य सम्मान, नमस्ते साहित्य सम्मान, राष्ट्रिय शिक्षा तथा साहित्य सम्मान, अन्तर्राष्ट्रिय गौरव सम्मान लगायतका सम्मान तथा पुरस्कार उनको हातमा परिसकेको छ ।

साहित्यका विविध बिधामा कलम चलाउने भावनाले आफुलाई नेपाली साहित्यमा सक्रियताका साथ अगाडि बढाउने क्रममा दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानको आयोजनामा २०७२ बैशाख २५ गते आफ्नो एकल गजल वाचन सप्पन्न गरिसकेकी छिन् । ऊनी दाङको पहिलो एकल गजल वाचन गर्ने महिला हुन् ।

नेपाली साहित्यको विकास र विस्तारमा लागि परेकी भावना हाल दाङ साहित्य सस्कृति प्रतिष्ठानमा सह–सचिबको पदमा कार्यरत छिन् भने पल्लव साहित्य प्रतिष्ठान चितवनमा आमन्त्रित सदस्यको रूपमा छिन् । अहिले अत्यन्तै सक्रियताका साथ साहित्यका विविध बिधामा कलम चलाएकी भावनाले आफ्नो सम्पूर्ण जीवन साहित्यकै श्रीवृद्धीमा लगाउने अठोट गरेकी छिन् ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक
२०७३ माघ १ देखि १५ सम्म





# कम्पनीहरूले बदमासी गरिरहेका छन्

## होमनाथ न्यौपाने,गीतकार

**होमनाथ न्यौपाने, पेशाले जागिरे तर गीतकारको परिचयले स्थापित हुनुहुन्छ। सानैदेखि गीतकार नै बन्ने सोच भएपनि बुबा साहित्यकार भएको हुँदा साहित्यमै लागेर लेखेरै जीविकोपार्जन गर्ने काम नगर है भन्ने बुबाको सुझावले उहाँलाई जागिरे बनायो । स्कूले जीवनदेखि नै गीत लेख्ने, कम्पोज गर्ने आफ्नो प्रस्तुतिहरु देखाउने कार्यमा निकै खप्पिस उहाँ पछिल्लो समयमा पनि गीति लेखनमा निकै सक्रिय हुनुहुन्छ । तर आफ्ले लेखेका गीतमोकर्ड भइसकेपछि पनि गायकीमा वा संगीतमा अर्थात आफ्नै शब्द नै मन परेन भने बाहिर ल्याउने काममा भने सोच्ने गरेका कारण कति त बजारमै आउँदैनन् । आत्मसन्तुष्टिका लागि सकारात्मक भावका गीतहरु लेख्न रुचाउने गीतकार होमनाथ न्यौपानेसँग म्यूजिक खबरका लागि सम्पादक सबिता पोखरेलको कुराकानीः**

***पहिलो गीत कुन हो ?***

रेकर्डका हिसाबले भन्ने हो भने 'आफैंलाई त्यो आँखामा लुकाइदिउँ की' हो। जुन दरबार हत्याकाण्ड भएकै दिन रेकर्ड भएको थियो। तर यो गीत बजारमा भने आएकै छैन। बजारमा आएको गीतको हिसाबले भन्ने हो भने 'म जिउँदो लास बन्न चाहन्नँ' नै हो। जुन गीत नेपाल टेलिभिजनकै निर्माणमा तयार भएको थियो। मुरारी गुरागाईँको स्वरमा रहेको यो गीतलाई डेनी निरौलाले संगीत भर्नुभएको थियो।

***गीत किन लेख्नुहुन्छ ?***

गीत लेख्ने नै आत्मसन्तुष्टिका लागि हो। म कहिल्यै पनि गीतिलेखनलाई व्यवसायिक रुपमा हेर्दिनँ किनकी पहिला आत्मसन्तुष्टि भएन भने कुनै पनि सिर्जना सबल र सफल हुन सक्दैन।

***गीति लेखनलाई सफल बनाउन के गुर्नपर्छ जस्तो लाग्छ ?***

हरेक मान्छेले गीत मात्रै लेखेर बाँच्छु भन्नका लागि ३ पक्षलाई आत्मसात गर्नुपर्ने हुन्छ। एउटा फाइनान्सियल कुरालाई हेनुपर्ने हुन्छ। गीत लेखेर नै बाँच्न सकिन्छ भन्ने कुरा कत्तिको सहज छ, यसबाट हुने अर्थोपार्जन के हो भन्ने कुरा बुझ्नु जरूरी छ। त्यस्तै हवि अर्थात् पेशा के हो भन्ने बुझ्नु पर्छ। म गीत नै लेखेर बाँच्ने हो वा अन्य कुनै व्यवसाय गर्नुपर्छ भन्ने बुझ्नु पर्‍यो। त्यसपछि फेमिली सपोर्टको कुरा आउँछ। आफूलाई गीत लेखनमै लागेर जिन्दगी वा परिवार चल्छ भन्ने पूर्ण सपोर्ट परिवारबाट हुनु पर्छ। यी कुराहरूका साथमा समाजलाई पनि ख्याल गर्नुपर्ने हुन्छ।

***लेखेरै जिविकोपार्जन हुने दिन कहिले आउँला ?***

लेखेरै जीविकोपार्जन गरेका पुराना पुस्ता केही होलान्। तर अहिलेको अवस्थामा त्यो सम्भव छैन। जुनबेला सम्भव हुन्छ त्यो बेला उमेर ६० हुन्छ। अहिले धेरै अटोबायोग्राफी बिक्री हुने जमाना आयो। किताब लेख्यो भने त्यसको रोयल्टीले बाँचिरहेको छ। पछिल्लो समय सक्सेसफूल मान्छेहरूको बायोग्राफी बिक्री भएको अवस्था हो। जस्तो हरिवंश दाइहरूजस्ता धेरैको बायोग्राफी बिक्री भएको अवस्था हो। गीत लेख्नका लागि २४ सै घन्टा चाहिन्छ जस्तो लाग्दैन। लेख्नुस् तर लेखेरै बाँच्छु भन्ने कोशिस नगर्नुस्।

***गीतकारलाई त खासै चिनिँदैन नि ?***

गीतकार भनेका पर्फमर होइनन्। गीतकार पर्दा पछाडिकै हुन्। कति दुःख गरेर फिल्मको पटकथा, कथा लेख्छ त्यसको नाम फिल्म बजारमा आएपछि हराउँछ, हिरो हिरोइनको मात्र नाम आउँछ। कित फिल्म हेरियो त्यसको कथा, पटकथा कसले लेखेको भन्ने कसैलाई पनि थाहा हुन्न। यसमा कुनै दुःख लाग्दैन तर कुनै गायकले गीत गाएपछि उहाँले स्टेजमा प्रस्तुत गर्दा गीतकार, संगीतकारको नाम लिनुपर्छ भने रेडियो, टेलिभिजनमा गीत बज्दा पनि हाम्रो नाम बजाउनुपर्छ। त्यो नबज्दा दुःख लाग्छ।

***पछिल्लो समय त कतै पनि गीतकार संगीतकारको नाम भनिँदैन नि ?***

यो त रूल्स एण्ड रेगुलेशन नभएको हो। आरजेलाई पनि बिना तलब काम लगाउने प्रचलन बढेपछि उसले जे गरे पनि सही बन्न गयो। रेडियो जक्कीको ट्रेनिङ नहुनु पनि प्रमुख हो। आरजेहरूमा अनप्रोफेशनलिज्म हो। आरजेलाई थाहा हुनुपर्छ की एउटा गीतको हकदार को-को हुन् र उनीहरूको गीत बज्दा के गर्नुपर्छ भन्ने। अर्कोकुरा मिडियाको हेपाह प्रवृत्ति हो। किनभने हिन्दी गीत चाहिँ गीतकार, संगीतकारको नामसहित पूरा बजाउने तर नेपाली गीतलाई भने गायकको नामसमेत नभन्ने प्रचलन बढेको छ। यो प्रवृत्ति कान्तिपुर, रेडियो नेपाल, इमेज, हिट्स जस्ता धेरै एफएम रेडियो एवं टेलिभिजनले त्याग्नुपर्छ। यो दरिद्री सोचबाट माथि नउठेसम्म कुनै पनि परिवर्तन आउँदैन।

***कसको प्रेरणाले गीत लेख्न थाल्नुभयो ?***

गीत कसैको प्रेरणा भन्दा पनि आवश्यकताले लेखियो। स्कुल पढ्नेताका क्षेत्रीय प्रतियोगिता भएको थियो, जहाँ सरहरूले मलाई गीत लेख्ने जिम्मा दिनुभएको थियो। त्यो गीत लेखेर, संगीत भरेर स्टेजमा देखाउनुपर्ने भएपछि मैले सेलो गीत 'आउ आउ मैच्याङ' बोलको गीत लेखें। त्यसपछि देउसी भैलो लेखेँ राम्रो भयो।

***गायनमा चाहिँ लाग्नुभएन ?***

रहर त लाग्थ्यो तर मलाई थाहा थियो कि मेरो स्वरले गीत गाएर राम्रो सुनिँदैन। मेरो जिल्ला इलाममै धेरै गायक गायिका हुनुहुन्छ। जस्तो कुवेर राई, यम बराल, जगदिश समाल जस्ता धेरै गायक गायिकाको बीचमा मेरो स्वर राम्रो थिएन। त्यसैले गाउने कोसिस गरिनँ तर गीत गाउने इच्छा भने छ। किनकी मेरो बुबा, हजुरबुबाले यस्तो गीत गाउनुभएको थियो भन्ने इतिहासका लागि पनि मलाई गाउन रहर छ।

***तपाईंका गीतले समाजलाई कस्तो सन्देश दिएका छन् ?***

मेरो मुड अनुसार मैले गीत लेखेको हुँ। कहिले समाजका कुरा लेखें भने कहिले अफयेर लाइफका कुरा पनि लेखेँ। केही प्रगतिशील गीतहरू पनि छन्। समाज परिवर्तनमा पनि गीतसंगीतको महत्वपूर्ण भूमिका हुन्छ। पछिल्लो समय मैले मुलुकको अर्थतन्त्रलाई उकास्न, भ्रष्टाचार गर्नुहुन्न, विदेश जान हुन्न आफ्नै देशमा केही गर्नुपर्छ भन्ने गीतहरूलाई लेख्दै पनि आएको छु। तर मेरो मुड सबैको मुडसँग मिल्छ भन्ने छैन तैपनि मैले नकारात्मक सन्देश जाने गीत भने लेख्दिनँ। रोमान्टिक सेन्टिमेन्टका गीतहरू लेखेको छु। मैले गीति लेखनलाई ०६५ बाट बजारतिर जोडेको हुँ।

***गीत लेखेर पैसा पाएको दिन ?***

मैले ०६६ मा मैले गीत लेखेर ६ हजार पैसा पाएको थिएँ। कर्मायाल्छेन बमजनले ल्याउनुभएको थियो। विदेश बस्ने एकजना साथीको गीत रहेछ उहाँले तपाईको पारिश्रमिक ६ हजार छ भन्नुभयो म दङ्ग भएँ। राति दुई बजेसम्म निदाउन सकिनँ। जबकी त्यो समय डा.कृष्णहरि बराल जस्तो व्यक्तित्वहरू ५ हजार लिइरहनुभएको थियो भने मैले त्यति ठूलो पारिश्रमिक पाउनु पक्कै पनि खुशीको कुरा थियो। गीत लेखेर नि पैसा आउँदो रहेछ भन्ने बुझेँ। पछिल्लो समय पनि केही फिल्मीकर्मीहरू हुनुहुन्छ गीत भनेको फ्रिमा पाउने कुरा हो जस्तो गर्नुहुन्छ। उहाँहरूको फिल्म बनाउन पैसा र मेहनत आवश्यक पर्छ भने हाम्रो गीत लेखन पनि त्यति सजिलो छैन। अझ होटलमा भेटेर नेफ्किनमै लेखिदिन भन्छन्।

***श्रीमती हेरेर धेरैले गीत लेखेका छन्, तपाईंले चाहिँ लेख्नुभाको छैन ?***

मैले प्रशंसा गर्ने श्रीमती नै पाइनँ होला ! श्रीमतीको होल बढी मन पर्दैन, आँखा मनपर्छ, वा ओठ मन पर्छ भनेर पनि त लेख्न सकिन्छ। श्रीमतीको क्यारेक्टर, कुनै एक अंग हेरेर गीत लेख्यो भने फरक पनि हुन्छ तर पुरै बखान गर्दा त अर्कैको कपी गरेजस्तै त हो नि ! मैले पनि लेखेको छु, श्रीमतीको आँखा र क्यारेक्टरलाई लिएर। आँखा आँखाबीचको अफयेरलाई पनि गीतमा लेख्न सक्नुपर्छ नि।

***एउटा गीतकारलाई संगीतको पनि ज्ञान हुनु जरुरी हुन्छ कि हुँदैन ?***

यो जरूरी कुरा हो। गीतकारमा संगीतको नोटेशन, रागको बारेमा ज्ञान भयो भने पक्कै पनि राम्रो गीत लेख्न सकिन्छ। संगीतको बिटमा गीत लेख्दा मिठास पनि आउँछ। मैले ७०/८० को संख्यामा गीत लेखेको छु प्राय सबै बिटमा नै लेखेको छु। मैले ३ वर्ष भोकल कोर्ष गरेँ, एक वर्ष गिटारको कोर्ष गरेँ त्यसले मलाई कमर्शियल रूपमा गीत लेख्न मजबुत बनाएको छ। गीतमा ह्रस्व दीर्घको उच्चारण कसरी गर्ने भन्ने कुराको पनि ख्याल गर्नुपर्छ।

***तपाईंलाई व्यवसायी वा गीतकार केले चिनायो ?***

म गीतकार नै भनेर चिनिएको हुँ। व्यवसायी भन्दा पनि म जागिरे हुँ। व्यवसायले बजारसम्म पुऱ्याउँछ, सामान बिक्री गर्छ। तर गीतले नेपालीभाषी भएको ठाउँमा चिनाइरहेको हुन्छ। मेरा शब्दहरू सुनिरहेका हुन्छन् भने पक्कै पनि गीतकारले नै मलाई आनन्द दिन्छ। तर व्यवसाय पनि सँगसँगै भयो भने एउटा सफल गीतकारका लागि ब्याकसपोर्ट हुन्छ।

***पछिल्लो समय एल्बमको तयारीमा हुनुहुन्छ कि ?***

एल्बम बाहिर ल्याउने तयारीमा छु। १२/१३ वटा गीतहरू छन्। तीमध्ये छानेर एल्बम बनाउने योजना छ। मैले गीत रेकर्ड गरेपछि थन्क्याएर राखेको हुन्छु। ती गीतहरूमा कहीं अडियोको मिठास हुन्न, कहिँ सिंगरले राम्रो गाएजस्तो लाग्दैन लगेर सुन्दा आफैंलाई कहिँ कतै मन नपरेपछि घरकै लाइबेरीमा राख्ने गर्छु। अब तिनै गीतलाई छानेर एल्बम बनाउँ की भन्ने लागेको छ। पछिल्लो समय हरि लम्साल, टेकेन्द्र नेपाली, सचिन सिंह, चण्डीप्रसाद काफ्लेसँग सहकार्य गरिरहेको छु।

***व्यवसायिकतामा कहिले परिवर्तन होला गीति लेखन ?***

यो समयले बनाउँला। धेरै राइटरहरू छन्। पहिलाका राइटरहरूले लेखेरै जिविकोपार्जन गरेका होलान् तर पछिल्लो समय लेखेरै बाँच्नेहरू कम छन्। समाजमा लेखेरै बाँच्ने अवस्था आएको छैन कि जस्तो लाग्छ। सरकारको तर्फबाट पनि कला संस्कृति भनिन्छ तर नियमन, कानूनी प्रावधान बनाएर रोयल्टी र राजश्वसँग जोड्न अझै सकेको छैन भने राइटर भएर बाँच्छु भन्नेहरू फेल भइरहेको अवस्था देख्छु।

***संगीतलाई उद्योगकै रुपमा लैजान सकिँदैन र ?***

संगीत उद्योग भन्ने गरिन्छ, छ रे पनि। तर कलाकारमा युनिटी नै छैन। यहाँ सरकारको आँखा पनि लागेको छैन। संरचनागत रूपमा विकास हुनसकेको पनि छैन। सरकारले गायक गायिका, संगीतका व्यवसायीसँग राम्रोसँग राजश्व असुली गर्न सकेकै छैन। सरकार, प्रोड्युसर र बजारलाई राम्रोसँग व्यवस्थापन र नियमन गर्न सक्नुपर्छ। विकसित देशमा हामी कलाकार धनी छन्, सरकारले हेर्छ भन्छौं तर कलाकारले कति राजश्व तिरे भन्ने कहिल्यै हेर्दैनौं। प्रत्येक गायक गायिकाले कमाएको १५ प्रतिशत राजश्व तिर्ने गर्नुपर्छ अनि सरकारसँग लाइफटाइमका लागि सहज हुने एउटा फण्ड जम्मा गर्ने प्रक्रियामा जानुपर्छ। यहाँ कम्पनीको बदमासी बढेको छ। हिसाबलाई पारदर्शिता देखाएर राजश्व तिर्ने काम नै भाको छैन भने रोयल्टीका असली हकदार को हुन् भन्नेमा पनि कम्पनीहरूले बदमासी गरिरेका छन्। नैतिक र बौद्धिक अधिकारहरू हनन् भइरहेका छन्। अन्तर्राष्ट्रिय रूपमा व्यवस्थापन गऱ्यो भने पक्कै पनि संगीत उद्योग स्थापित हुन्छ।

***रोयल्टीको बारेमा तपाईंको धारणा ?***

रोयल्टी पाउने अधिकार गीतकार संगीतकारको नै हो। क्रियटरको बौद्धिक लगानीले नै रोयल्टी पाउनुपर्छ। तर यहाँ सार्वजनिक प्रयोग गर्ने, संगीतकै व्यवसाय गर्नेहरूले रोयल्टी बुझाएका छैनन्। गायक गायिकाले पैसा लिएर गीत गाउने अनि रोयल्टी लिने प्रचलन हाँस्यास्पद लाग्छ। उनीहरू आफैं त्यसको लगानीकर्ता हुन्, आफैं क्रियटर हुन् भने पाउनुपर्छ। अन्तर्राष्ट्रिय नियमअनुसार प्रस्तोतालाई पनि रोयल्टीमा समावेश गरिनुपर्‍यो। एउटा स्टेजमा चढ्दा गीतकार संगीतकारको नामसमेत नलिएर गीत गाएर आउने रोयल्टीको कुरा नै नगर्ने प्रस्तोताहरुले बुझ्नुपर्छ। मेला महोत्सवबाटै रोयल्टीको प्रतिशत जोडेर पारिश्रमिक लिनुपर्‍यो र स्रष्टाको रोयल्टी तिर्ने गर्नुपर्छ। कानूनमा छ भने प्रस्तोतालाई दिउँ नभए उनीहरूले पाउनुहुन्न।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक



निलम पोखरेल कार्की ब्युटिसियन
एलिनाज ब्युटिपार्लर एण्ड ट्रेनिङ सेन्टर

# "क्रिकेटर बन्छु भन्ने छोरालाई गायक बन्न सुझाव दिन्छु"

**'श्रीमान घरमा खुलेर गीत गाउने गर्नुहुन्छ, उहाँको स्वर राम्रो छ । गायकको परिचय मात्र नबनेको हो । म चाहिं बाथरुम सिंगर हो । गाउन नआएर के भो त सुन्न खुब आउँछ मलाई ।'**

**सबिता पोखरेल/म्यूजिक खबर**

आमाको काखबाट लोरी सुन्दै सङ्गीत सुन्ने बानी परेको हुन्छ मानिसलाई भने गीत सङ्गीत मन नपराउने को होला र ? यस्तै पुतलीसडकको डिल्लीबजार सडक खण्डमा विगत ८ वर्षदेखि एलिनाज ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर खोलेर ब्यूटिसियनको परिचय बनाएकी निलम पोखरेल कार्की पनि गीत सङ्गीत भने पछि भुतुक्क हुन्छिन् । अरूलाई कसरी थप राम्री बनाउन सकिन्छ भनेर श्रृंगारकलामा पोख्त निलम कामका बेलामा पनि गीत सुन्दै काम गर्छिन् भने फूर्सदको बेलमा पनि गीत नै सुन्ने गर्दछिन् । प्रमोद खरेल र अन्जु पन्तका गीतहरूले उनलाई विशेष आकर्षण गर्दछन् । 'कतिपय गीत सुनेपछि ति गीतहरू मेरै लागी पो बनेका हुन् की जस्तो लाग्छ । उनको हृदयको सबैभन्दा गहिरो बिन्दुलाई छुने गीत भने 'पैसा कसले बनायो' हो । उसो त बाल्यवस्थामा पनि चलचित्र 'कुसुमे रूमाल'को 'तिमी नभए काँडासरी' बोलको गीत उनलाई खुब मन पर्थ्यो । सुनिरहन मन लाग्थ्यो, अहिलेसम्म त्यो गीत उनको रोजाईकै गीत बनेको छ ।

ब्युटिसियन बन्नका लागि तालिम लिनु अगाडि नै थ्रेडिङ गर्न, ब्लिच गर्न मेहन्दी लगाउन र कपाल काट्न आउँथ्यो काकरभिट्टा ११ झापाकी निलमलाई । छोरीको साजसज्जामा बिशेष ध्यान गएको देखेर निलमकी आमाले ट्रेनिङ लिने सुझाव दिनुभयो । आफूलाई मन परेको क्षेत्रमा परिवारको पुरा समर्थन सहित निलमले ६ महिना बिर्तामोडमा ब्युटिसियन कोर्षको तालिम लिइन् । त्यसपछि उनको रमेश (लोक ब.) कार्कीसँग विवाह भयो र श्रीमान्को साथमा काठमाण्डौ आइन् । माइतीको जति समर्थन पाइन् घरबाट पनि त्यो भन्दा कम भएन र उनले निल डेबिट व्युटि सलुनमा ६ महिनाको कोर्ष लिइन् । आज उनी भित्रको व्युटिसियन बन्ने रहर र दक्षता अनि उनले लिएको तालिमको प्रतिफलले नै एलिनाज ब्युटि पार्लर एण्ड ट्रेनिङ सेन्टर सञ्चालन गरिरहेकी छिन् । बेहुली मेकअप, पार्टी मेकअप, थ्रेडिङ, हेयर कटिङ, मेहन्दी आर्ट इत्यादी बाट उनले सेवाग्राहीलाई आकर्षक र सुन्दर बनाउने गरेकी छिन् । उनी भन्छिन् –'एलिनाजको सबै सेवा ए–वान हो । एकपटक आएर सेवा लिने प्राय सेवाग्राही लगातार आउने गर्नुहुन्छ ।' उनी फेरि भन्छिन् – ग्राहकको सन्तुष्टिले नै आज मलाई राजधानीमा स्थापित ब्युटिसियन बनाएको छ ।

अरूलाई सिंगार्न पाउँदा पहिलादेखि नै आनन्द लाग्थ्यो भने अहिले त मेरो धर्म र कर्म नै सिंगार्नु भएको छ । ब्युटिसियनलाई त समाजले अमार्यादित पेशा भनेर दोष लगाउँछ नि ? भनेर पुरा प्रश्न सोध्न नपाउँदै निलम भन्छिन्– 'होइन होइन । महिलाका लागि नर्स र ब्युटिसियन जस्तो मर्यादित पेशा त अरू छैन । एउटाले बिराउने शाखा पिराउने भने जस्तै मात्र हो । मेरोमा स्कुले विद्यार्थी देखि लिएर डाक्टर, वकील, कलाकार सबै क्षेत्रका महिला आउने गर्नुभएको छ । खुशी भएर जानुहुन्छ, खुशी लाग्छ । गायिका निता थापा मगर पनि एलिजाजकै सेवाग्राही हुनुहुन्छ ।'

एलिनाको परिवार सांगीतिक नै छ । 'श्रीमान घरमा खुलेर गीत गाउने गर्नुहुन्छ, उहाँको स्वर राम्रो छ । गायकको परिचय मात्र नबनेको हो । म चाहिं बाथरूम सिंगर हो । गाउन नआएर के भो त सुन्न खुब आउँछ मलाई' एलिनाले भनिन् । उनको भाई बिनोद पोखरेल पनि सिंगर नै हुन् भने मामाका छोरा मोहन कुमार राई ले 'तिमीसँग' एल्बम सार्वजनिक गरेका छन् । रेडियो टेलिभिजनमा बज्ने गीतहरूले मात्र उनको सङ्गीत सुन्ने रहर पुरा नगरेकाले मेमोरी कार्डमा पनि गीतहरू राखेकी छिन् । साङ्गीतिक क्षेत्रका व्यक्तित्वहरूको इज्जत, सम्मान देखेर आफ्नो एक मात्र सन्तान साहिल कार्कीलाई पनि उनी– 'बाबु तिमी पनि गीत सङ्गीतमै करिअर खोज । सङ्गीत सिक, त्यसको लागि म सँधै सहयोग र समर्थन गर्नेछु भनेर सल्लाह दिन्छु तर के गर्नु उ भने सँधै क्रिकेटरको सपना सुनाउँछ' भन्दै उनले सङ्गीतप्रतिको मोह कति छ भनेर प्रष्ट्याउँदै भनिन् । नेपाली सङ्गीतकी असल श्रोता तथा कुशल ब्युटिसियन निलम पोखरेललाई उज्वल भविष्यको कामना ।

# निल डेभिडको मेकअप स्टुडियो



**म्यूजिकखबर** । चर्चित हेयर स्टाइलिष्ट निल डेभिड कटुवालले अब मेकअप स्टुडियो पनि सञ्चानलनमा ल्याएका छन् । उनको एनडीके (निल डेभिड कटुवाल) मेकअप स्टुडियो एण्ड ट्रेनिङ एकेडेमीको मंगलबार राजधानीको सुन्धारास्थित सिभील मलमा एक समारोहबिच अभिनेत्री गौरी मल्लले शुभारम्भ गरिन् ।

अभिनेत्री मल्लले २ वर्षअघि सोही स्थानमा निल डेभिडको हेयर सलुनको शुभारम्भ गरेको सम्झना गर्दै अहिले मेकअप स्टुडियोसमेतको शुभारम्भ गर्न पाएकोमा खुशी व्यक्त गरिन् । उनले यसबाट स्तरिय मेकअप गर्न चाहनेले लाभ लिन सक्ने चर्चा गर्दै फिल्म र टेलिफिल्मका विभिन्न चरित्रलाई गेटअप दिन चाहनेले पनि फाइदा लिन सक्ने बताइन् । त्यसै गरी पत्रकार विदुर गिरीले निल डेभिडले हलिउड आर्टिष्ट मेकअप आर्टिष्टबाटै हेयर स्टाइलका साथै मेकअपका विभिन्न शैली र मेकअपका साथमा फिल्मी मेकअप तथा दुर्घटनाबाट घाइते एवं अन्य चरित्रलाई पनि सजिव रूप दिन सक्ने कलाको अध्ययन गरेर आएकाले उनले त्यसप्रकारका मेकअपमा पनि आफुलाई अगाडि बढाउनुपर्ने सुझाव दिए । त्यसै गरी अर्का पत्रकार कृष्ण भट्टराईले निल डेभिडको मेकअप स्टुडियो सञ्चानलमा आएसँगै अब त्यहाँ गएर मेकअप गरी आफुले चाहेको स्थानमा सिधै जान सरल भएको बताए ।

नेपालको हेयर स्टाइलको क्षेत्रमा अत्याधुनिक र अन्तराष्ट्रियस्तरको महिला पुरूषको हेयर सौन्दर्यको काम एकै छानामूनि एकैसाथ हुने गरी युनिसेक्स सलुन सञ्चालन गरेर क्रान्ति ल्याउका निलले ओष्कार अवार्ड विजेता हलिउड हेयर एण्ड मेकअप आर्टिष्ट विजेता क्रिष्टिना बुलेण्डाबाट हेयर एण्ड मेकअप तथा फिल्मी मेकअपको कडा र लाभदायी कोर्ष पूरा गरेका थिए । बुलेण्डाबाट पाएको मेकअपसम्बन्धि ज्ञान नेपाली सौन्दर्यप्रेमीका लागि प्रयोग गर्न आफुले लामो समयको अध्ययन र गृहकार्यपछि पहिलोपटक मेकअप स्टुडियो सञ्चालनमा ल्याएको निलले जानकारी गराए । आफ्नो मेकअप स्टुडियो र एकेडेमीमा शुरूमै १४ जना विद्यार्थी भर्ना भएको र तीनले मेकअप कला सिकी फिल्म, टेलिफिल्म तथा म्युजिक भिडियोको मेकअप क्षेत्रमा योगदान गर्न सक्ने बताए । सिभील मलको पहिलो तल्लामा रहेको निल डेभिड्स हेयर एण्ड सलुनसँगै रहेको मेकअप स्टुडियोमा सौन्दर्यसम्बन्धि सबैप्रकारको सेवा उपलब्ध हुने उनले बताए । उनका अनुसार सेलिब्रेटी मेकअपदेखि सुटिङ र फोटो शेषनसम्मका लागि मेकअपको काम हुने स्टुडियोबाट फिल्म, टेलिफिल्म, भिडियो फिल्मका साथमा ब्राइडल प्याकेज, एस्कुलसिभ ब्राइडल प्याकेज, पार्टी मेकअप, हेयर स्टायलजस्ता सबैप्रकारको सेवा प्रदान गरिनेछ भने मेकअपसम्बन्धी तालिमको व्यबस्था पनि हुनेछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मनोरञ्जन समाचारका लागि
SCREENNEPAL
#1 Nepali Entertainment Portal

नियमित, पारिवारिक, साहित्यिक मासिक
म्युजिक डायरी
Music Diary

साप्ताहिक
फिल्मी खबर
हरेक विहीबार, मनोरञ्जनको सूचना र समाचार

# प्रवासकै कथामा बुद्धिमान



राधिका अधिकारी/म्यूजिक खबर

मकवानपुरे लोक गायक बुद्धिमान घिसिङ विशेष गरी गाउँको कथासँग नजिक छन् । समाजमा भएका यथार्थपरक घटनाक्रमले उनलाई सदैव झ–झल्को दिइरहने हुँदा लोक अर्थात् समाजबाट टाढा जान सकेनन् । मनभरि अनेकौं रहर बोकेर हिंडेका बुद्धिमान समाजअनुकुल बन्न खोज्दा पनि रहरलाई पूरा गर्न बाध्यताले नदिँदोरहेछ बुद्धिमान भन्छन् । एउटा गायक बन्ने सपना मनमा राखेर पनि लोकदोहोरीकै पेरिफेरीमा घुमिरहेका बुद्धिमान बाध्यताले गर्दा परदेशीनु परेको बताउँछन् । मनभरि विभिन्न रहरहरू हुन्छन्, घरपरिवार एकातिर आफू प्रवासतिर हुँदा झन् गाउँको सम्झना बढ्दोर हेछ । देशको सम्झना प्रवासको परिवेश अनुसार नै परिवर्तन गराउनुपर्दाको पीडा उनीभित्र धेरै छन् । व्यक्तिगत रहरलाई कुण्ठित गर्दै अरब भूमिमा धेरै वर्ष बिताइसकेका छन् ।

मकवानपुरको बिकट गाउँ डाँडाखर्कमा जन्मिएर हाल मकवानपुर मनहरी बस्दै आएका घिसिङले हालसम्म व्यक्तिगत लगानीमा ६ वटा एल्बम प्रकाशित गरिसकेका छन् । उनको पहिलो एल्बम "छुट्टिमा घर आको.." मा लय/शब्द घिसिङ स्वयंमकै थ्यो भने चर्चित गायिका बिष्णु माझी र चर्चित गायक कुलेन्द्र बि.क.को थियो । दोस्रो एल्बम "घर छोडेर जानु पर्‍या छ.." मा चर्चित गायिका मुना थापा र गायक रामजी खाँडको स्वर थियो । जसमा एकनारायण भन्डारीको शब्द र घिसिङको भाका रहेको थियो । तेस्रो एल्बम "चाहियो जागिर हुनी.." र चौथो " आउने दशैं नी.." बोलको दुवै एल्बममा लय र शब्द घिसिङ स्वयंकै थियो भने जसमामा विनु तामाङको साथमा घिसिङ स्वयम्को र गायिका बिनु तामाङ स्वर रहेको थियो ।

अरबको खाडीमा जागिरे गायक घिसिङ मकवानपुरका राम्रा प्रतिभा हुन् । जीवनको घडीमा भोगेका आरोह अवरोहलाई नै उनले शब्दमा उतार्छन्, भाका बनाउँछन् र स्वर पनि प्रदान गर्ने गर्छन् । उनका गीतहरू प्राय गरेर प्रवासकै भूमिमा उत्पन्न भएको देखिन्छ । छुट्टिमा घर आकोदेखि घर छाडेर जाने कुरा वा घर छाड्दाको विवशता उनका गीतमा पाइन्छ । केही समय अघि मात्र छुट्टिमा नेपाल आएका घिसिङले एक महिना भित्र २ वटा एल्बम सार्बजनिक गरेका छन् । घिसिङको शब्द र संगीतमा मकवानपुर मनहरी निवासी गायिका बिनिता लामाको आवाजमा रहेको आधुनिक गीत "छोडी जाने निस्ठुरीलाई... " बजारमा आउनु लगतै घिसिङकै शब्द/लयमा मुना थापा र घिसिङकै स्वर रहेको लोकदोहोरी "निस्ठुरी मायालु..." बोलको लोक गीत सार्वजनिक भै सकेको छ । गीतमा पनि मायाप्रेम भित्रकै आरोह अवरोह देखिन्छ । गाउँ परिवेश, आफू घर छाड्दा प्रेमी अर्कैसँग हिंडेको कुरा पनि उनको गीतमा देखिन्छ । पछिल्लो समय समाजमा विद्यमान रहेको घटना श्रीमान विदेश गएपछि श्रीमती अर्कैसँग हिंडेका कुरा उनको पछिल्लो दोहोरीमा झल्किएको छ । यतिबेला यूट्यूब जस्तो सामाजिक सञ्जाल, रेडियो, टेलिभिजनमा राम्रो स्थान पाइरहेको छ घिसिङका दुई गीतले । यी दुवै गीतमा मोडल गीता राई र बुद्धिमान घिसिङको अभिनय समेत रहेको छ । "छोडी जाने निस्ठुरीलाई..बोलको गीति संग्रहलाई कृष्ण फिल्म र "निस्ठुरी मायालु.." बिन्ध्यबासिनी म्युजिजले बजार ब्यबस्थापन गरेका छन् । घिसिङ्लाइ उक्त एल्बम निर्माणका निम्ति मृगतृष्णा कला साहित्य डबली मनहरी–३ मकवानपुर ले बिशेष सहयोग गरेका थिए ।




## नवप्रतिभा



विपना थापा, नवप्रतिभाका रूपमा गायनमा प्रवेश गरेकी छन् । योभन्दा अगाडि उनी राम्रो कोरिग्राफी गर्दै आएकी थिइन् । तनहुँमा जन्मिएर काठमाडौंलाई कर्मथलो बनाउँदै आएकी विपना न्याम्पमा हिंड्दा हिंड्दा धेरै कोरियोग्राफीको काम गरिसकेकी छन् । फेशन शो, स्कुल प्रिन्सेस, एसएलसी प्रिन्सेस, कलेज क्विन, सिन्ड्रेला नेपाल जस्तो कार्यत्रमहरूमा कोरिग्राफ गरेकी विपनाले ३५ भन्दा बढी म्यूजिक भिडियोमा अभिनयसमेत गरेकी छन् । उनको मोडलिङ र फेशन शो प्यासन नै बनिसकेको छ । तर गायनमा भने भर्खरै प्रवेश गरेकी हुन् ।

तिम्रै नाउँमा यो जीवन बोलको गीत गाएपछि उनी संगीतको शिक्षा लिने तयारीमा छिन् । तर गायनभन्दा करिअरका लागि भने मोडलिङ नै बनाउने उनको सोच छ । जिन्दगी रमाइलोमै बितेको बताउने उनी यो क्षेत्रमा आएको छोटो समयमै प्रतिफल राम्रो पाएको बताउँछिन् । गीत गाएपछि सबैले अब गायिका नै बन्नुपर्छ, भोकल राम्रो रहेछ भनेर हौसला दिएको बताउँछिन् । गायनमा करिअर नदेखे पनि धेरैले गायनमै जानुपर्ने बताइरहेको विपना बताउँछिन् ।

प्रमोद कोइरालाको शब्द र संगीतमा रहेको तिम्रै नाउँमा विपना आफैंले मोडलिङ समेत गरेकी छिन् । सामिम खानसँग उनले गरेको अभिनयलाई निर्देशक अर्जुन अधिकारीले पूर्णता दिलाएका छन् । राजन इशानको सम्पादन, हरि हुमागाइँको छायाँकन रहेको यस म्यूजिक भिडियोको ड्रेड डिजाइनर भने कमल मानन्धर हुन् ।

STREET NEPAL
STREETNEPAL.COM
total newsportal

व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

New World
The best Shirting Suiting & Tailoring Center
Bagbazar (opposite of PK Campus) Tel: 01-4244789

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

WINE OF HIMALAYA
enjoy with CHESUNG & decent wine
Tinjure Wine Industries (P) Ltd. Tehrathum, Nepal

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# अन्जुलाई आजको जेनेरेशनले खोजेको गीत गाउने रहर



**सविता पोखरेल**, म्यूजिक खबर

पछिल्लो समयमा नेपालको संगीत उद्योग धरासयी बन्न पुगेको छ । संगीतमा लगानी बालुवामा पानि भन्ने भनाई प्रचलित छ, सांगीतिक बजार नियाल्ने हो भने यो चरितार्थ पनि हुन्छ । तथापि नेपाली संगीत प्रतिको लगाव, अनि क्षमता भएकी सुरिलो स्वरकी धनि अन्जु गौतम यहि उद्योगमा समर्पित भएर लागि परिरहेकी छिन् । शिरमा बस्ने फूल हुँ म ओठमा बस्ने लाली भन्ने लोक भाकाको गीतबाट चर्चित बनेकी गायिका अन्जुले सांगीतिक धरातलमा पाइला टेकेको सातौं वर्ष मात्र पुगेको छ । उनले सातौं वर्षको छोटो अन्तरालमा आठौं एल्बम श्रोता समक्ष ल्याइसकेकि छिन् ।

मानिसको भविष्य उसको बाल्यकालको चरिचत्रले देखाउँछ भने जस्तै अन्जुका बाल्यकालका गतिवीधिले भविष्यमा गायिका नै बन्ने संकेत गर्ने गर्दथ्यो । उनका बुबा शिक्षक, समाजका सांस्कृतिक गतिवीधिमा अगुवा व्यक्तित्व । 'सानो छँदा बुबा मादल बजाउने छोरी गीत गाउने' – अन्जु बाल्यकालतिर फर्किदैं भन्छिन् । यस्तो वातावरणले पनि उनको गायकीमा टेवा पुग्यो, गायिका बन्ने सपना पलायो । त्यसैले त उनी विद्यालय र स्थानिय स्तरमा आयोजित सांस्कृति कार्यक्रमहरूमा भाग लिन्थिन् र पहिलो स्थान ओगट्थिन पनि । त्यतिबेला उनले गाएका पूर्वेली लोकगीतहरू सुन्नेले लोकगीतमै तिम्रो स्वर फिट हुन्छ भनेपछि पूर्वेली लोक गीत गाउन थालेतापनि उनी सबै किसिमको गीत गाउन सक्दछिन् ।

जति बाँचिन्छ संगीतमै समर्पित भएर बाँच्न चाहने अन्जु पुर्वीय कलाकारिताको राजधानी इटहरीमा आयोजित पूर्वाञ्चल व्यापी लोकगीत कम्पिटिसनमा भाग लिनका लागि चर्को घामको प्रवाह नगरि, एक हातले छाता समाएर अर्को हातले साइकलको हेण्डिल समाउँदै १५ किलोमिटरको यात्रा गरेर कम्पिटिसनमा भाग लिन पुगिन् । 'त्यो यात्रा अनि अडिसन र अडिसन पास भएको पल मेरो मानसपटलमा सँधै ताजा रहनेछ ।' भन्दै उनले आफ्नो अविष्मरिणय क्षण सुनाइन् । उक्त कम्पिटसिनमा उनले तेश्रो स्थानमा चित्त बुझाउनु परेता पनि बरिष्ठ संगीतज्ञ अम्बर गुरूको हातबाट मायाको चिनो तथा सम्मान र प्रमाणपत्र पाएको क्षणलाई पनि उनी बिर्सन सक्दिनन् ।

७५ वटा भन्दा बढी गीतहरूमा सुमधुर आवाज दिइसकेकी उनलाई पूर्वेली लोक गायिका भनेर चिनीन्छ । तर यो परिचयबाट उनी सन्तुष्ट छैनन् । राष्टिय गायिकाको परिचयबाट स्थापित हुने, अनि यहि क्षेत्रबाट नाम र दाम कमाउने उनको सपना छ । लोक, लोक आधुनिक, लोकपप, तीज र चाड विशेषका कयौं गीतहरू गाएकी उनको स्वरले एकदिन उनी हिट गायिकाको सुचिमा पर्ने पनि निश्चित देखिन्छ । तर यसमा राष्टिय मिडियाहरूको पनि ठुलो हात छ । उनी सम्पूर्ण मिडियालाई अनुरोध गर्दै भन्दछिन् मेरा सिर्जनाहरू पूर्वका एफएम र टेलीभिजनमा मााात्र सिमित नबनोस् । मेरा सिर्जनालाई माया गरिदिनोस्, तपाईंको साथ सहयोगले मेरो गायनयात्रामा ठुलो प्रोत्साहन मिल्नेछ । मोफसलमा बस्ने मलाई मिडियाको नजिक हुन के गर्नुपर्छ भन्ने थाहा छैन, तर म मिडियासँग सम्बन्ध राख्न चाहन्छु । उनी पूर्वको इटहरी बस्दै आएकी छिन् । गीतको रेकर्ड गराउन तथा अन्य कामले राजधानी छिर्ने गरेकी छिन् ।

अल्झियो मन, आफ्नै रिती, अक्षतामा फूल, शिरै शिरफूल, लक्ष्मी पुजा, उज्यालो, यमपञ्चक, बरिलै लगायतका एल्बम लिएर दर्शक तथा श्रोतासँग एकाकार हुँदै आएकी उनी यतिबेला फेरि नवौं एल्बमको तयारीमा रहेकी छिन् । नवौं एल्बमका लागि ३ वटा गीतहरूको रेकर्डि समेत भइसकेको र छिट्टै नै एल्बम सार्वजनिक गर्नेछु अन्जुले बताइन् ।

सांगीतिक क्षेत्रमै तन मन दिएर लागिपरेकी अन्जुलाई परिवारको पनि उतिकै सपोर्ट छ । बिराटनगरको कञ्चनबारीमा रहेको उनको माइती परिवारदेखि इटहरीमा रहेकाघरका सबै सदस्यको उतिकै साथ र सहयोग पाएकी छिन् । अन्जुले यस क्षेत्रबाट नै परिचय बनाउन सकेकोमा परिवार पनि उतिकै खुशी छ । इज्जतका साथ मेरी छोरी, मेरी बुहारी, मेरी श्रीमती भन्न पाइयोस्, चर्चीत हुनका लागि बाटो नबिराइदिय हुन्थ्यो भन्ने परिवारको इच्छा रहेकाले अन्जु पनि परिवारको इच्छा विपरीत काम नगर्ने बताउँछिन् ।

अबको जेनेरेशनले खोजेको जस्तो गीत गाउन पनि उनलाई रहर छ, जुन गीत सुनेपछि मानिसको पीर बेदना सबै गायब होस्, जुनसुकै परिस्थितिमा भएपनि उठेर छमछम नाँच्न मन लागोस्, त्यहि गीतले नै उनलाई चर्चा र सफलताको शिखरमा पूर्‍याओस् पनि । सबैभन्दा पछिल्लो चरणमा उनले बिपिन आचार्यको संगीतमा इलामको चिया मिठो, ताप्लेजुको छुर्पी बोलको गीतलाई रेकर्ड गराएकी छिन् । प्रतिभाशाली गायिका अन्जुलाई गायनमा उच्च सफलता मिलोस् म्यूजिक खबरको तर्फबाट हार्दिक शुभकामना ।


## हार्दिक बधाई



हाम्रा आत्मीय साथी डा. डिजन भट्टराई नेपाल सरकारको तर्फबाट रोल्पा जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्नुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको कामना गर्दछौं ।

**सविता पोखरेल**
सम्पादक

www.musickhabar.com
म्यूजिक खबर परिवार
Musickhabar Fortnightly Magazine पाक्षिक







